यो स्थान
विज्ञापनको लागि
खाली छ ।

# त्रिशूली प्रवाह
साप्ताहिक




वर्ष २७ अंक १९ ४ भदौ २०८३ (20 August, 2026) बिहीबार Website: www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु.१०/-

# विभाजनोन्मुख काङ्ग्रेस विवाद

❑ शरण उत्सुक

नेपालको पुरानो र प्रजातन्त्र, गणतन्त्र स्थापनागराउननेतृत्वगर्नेनेपालीकाङ्ग्रेस पार्टी यतिखेर सङ्कटापन अवस्थामा छ। १५औं महाधिवेशनको विवाद बढ्दै जाँदा काङ्ग्रेस विभाजनउन्मुख भएको छ । इतिहास भोगेको राणाशासन, पञ्चायती व्यवस्था र राजतन्त्र ढालेको काङ्ग्रेस अहिले आफैं विभाजनको डिलमा पुगेको छ। लामो लोकतान्त्रिक इतिहास, सङ्गठनात्मक संस्कार र राजनीतिक परिपक्व भएको काङ्ग्रेस अहिले अत्यन्त कमजोर बनेको छ । काङ्ग्रेस कमजोर हुनुमा काङ्ग्रेसकै नेता जिम्मेवार रहेका छन् ।

काङ्ग्रेस अहिले १५औं महाधिवेशनको विवादमा अल्झेको छ। १४औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा नेतृत्व चुनदेवीमा सम्पर्क कार्यालय खोलेर पार्टीको समानान्तर गतिविधि बढाइरहेको छ भने विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा समूहले काङ्ग्रेसको केन्द्रीय कार्यालय सानेपाबाट पार्टी सञ्चालन गरिरहेको छ। दुवै समूह आगामी १५औं महाधिवेशन आफ्नै नेतृत्वमा गर्ने जिकिर गरेर नेता-कार्यकर्तालाई विभाजित गराइरहेका छन्। दुवै समूहले देखाउनका लागि एकताको रटान गर्ने गरे पनि एकले अर्कोको अस्तित्व स्विकार्न नसक्दा इतिहास बोकेको काङ्ग्रेस विभाजनतर्फ अघि बढेको छ । विभाजनको कलङ्क एकले अर्कोलाई बोकाउने तयारीमा दुवै समूह भएभरको शक्ति प्रयोग गरेर मैदानमा उत्रेका छन्। पार्टीभित्र मतभेद हुनु काङ्ग्रेसका लागि नयाँ कुरा होइन । विचारमा भिन्नता, नेतृत्वका लागि प्रतिस्पर्धा र नीतिमा असहमति हुनु लोकतान्त्रिक पार्टीका लागि स्वाभाविक हुन्छ। तर, काङ्ग्रेसमा अहिले संवादलाई भन्दा विभाजनलाई बढाउने नेता हावी देखिन्छ।१५औंअधिवेशनविधानअनुसार



निर्धारित मितिमा गत वर्ष हुन नसकेपछि भएको विशेष महाधिवेशनमा शेरबहादुर देउवा नेतृत्वको नेता-कार्यकर्ताले भाग लिएनन् । १४औं महाधिवेशनबाट निर्वाचित महामन्त्री गगन थापाले विशेष महाधिवेशनलाई नेतृत्व चयनको अधिवेशनमा रूपान्तरण गरेर नयाँ कार्यसमिति बनाउनुभयो । त्यसै वेलादेखि विशेष महाधिवेशनको पक्ष र विपक्षमा सम्लो काङ्ग्रेस विभाजित हुन पुग्यो । काङ्ग्रेसमा अहिले विशेष महाधिवेशन मान्ने र नमान्नेबिच सङ्घर्ष चलिरहेको छ । दुवैले आफूलाई कानुनसम्मत रहेको प्रमाणित गर्न कार्यकर्ताको माझ र अदालतको ढोकासम्म पुगिसकेका छन्।

बिपी कोइरालाले वि.सं. २००३ असोज १८ गते सार्वजनिक आह्वान गरेसँगै गठन प्रक्रिया सुरु गरेर स्थापना गरेको नेपाली काङ्ग्रेसले आठ दशक पार गरेको छ। आठ दशकमा काङ्ग्रेसमा धेरै नेता जन्मे, तर पार्टीभित्रको फुट्ने, जुट्ने क्रम ... बाँकी ५ पेजमा

## रास्वपा होमियो स्थानीय चुनावमा
## पुराना दल आन्तरिक विवादमा



**काठमाडौँ ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले वि.सं. २०८४ मा हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्नका लागि आवेदन खुला गरेको छ । पार्टीका सभापति रवि लामिछानेले सोमबार केन्द्रीय कार्यालयमा राखिएको क्यान्डिडेट क्लबको लोगो अनावरण गरी अनलाइनबाट उम्मेदवारको आवेदन खुला गर्नुभयो।

तत्कालका लागि गाउँपालिका तहको उम्मेदवार बन्न चाहनेका लागि आवेदन खुला गरिएको छ । रास्वपामा लागेर योगदान र काम गरिरहेका नेता-कार्यकर्ताको उम्मेदवार बन्ने सम्भावना नयाँ प्रवेश गरेकाको तुलनामा बढी रहेको सभापति लामिछानेले बताउनुभयो । रास्वपाको मोबाइल एपमा गएर आवेदन भर्न सकिने व्यवस्था गरिएको छ। योग्य, इमानदार र क्षमतावान् उम्मेदवार छनोट गर्ने प्रक्रिया 'क्यान्डिडेट क्लब' रहेको र नेपालको राजनीतिलाई नै योगदान दिन यस्तो प्रक्रिया... बाँकी ५पेजमा

# १८ महिनापछि लिखुको प्रशासकीय भवन



**ढिकुरे ।** नौ वर्षपछि लिखु गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणका लागि बुधबार वडा नं. ४ चौघडामा शिलान्यास भएको छ। अबको १८ महिनापछि लिखुको कार्यालय तथा सेवा आफ्नै नयाँ भवनबाट सञ्चालन हुनेछ । अधिकारसम्पन्न स्थानीय तह भएको भन्डै एक दशकमा भवन निर्माणका लागि नुवाकोट जिल्लास्थित पालिकाले चौघडामा रहेको सरकारी जग्गा प्राप्त गरेको थियो।

जिल्लाका लिखुबाहेक ११ पालिकाले भवन निर्माण सम्पन्न गरिसकेका छन्। भवन निर्माण सुरु गर्ने लिखु कान्छो पालिका बनेको छ । भूमि प्रशासन कार्यालय नुवाकोटले चौघडा सिँचाइ सबडिभिजनका नाममा कित्ता नम्बर ३६८ र ९०१ मा रहेको कुल ६ रोपनी पाँच आना एक पैसा तीन दाम सरकारी जग्गा लिखुलाई प्रशासनिक भवन निर्माणका लागि उपयोग गर्न गत साउन ६ गते प्रमाणपत्र दिएपछि यही बुधबार शिलान्यास भएको हो । पालिकालाई जग्गाको उद्देश्यबेगर अन्य कार्यमा उपभोग गर्न नपाइने, जग्गाको उचित संरक्षण र संवर्द्धन हुनुपर्ने, ... बाँकी ५ पेजमा


## स्वास्थ्य सेवा सम्बन्धी जानकारी

**डा. प्रमिला थापा**
NMC No : 29584
MBBS (Dhaka University)
जनरल फिजिसियन
प्रत्येक दिन

**डा. कमल गौतम**
NMC No : 9150
MBBS (KU), MD (TU)
मानसिक नसा तथा मनोरोग विशेषज्ञ
पहिलो शनिबार

**डा. प्रभाकर पराजुली**
NMC No : 18993
MD Orthepedic
वरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ
(पाटन अस्पताल)

दोश्रो शनिबार

**डा. अजय शाह**
NMC No : 21527
MD Internal Medicine
सुगर, प्रेसर, थाइराइड, दम, पेटरोग विशेषज्ञ
(केएमसी अस्पताल)

**डा.सञ्जय सिंह के.सी.**
NMC No : 10634
MD (Cardiologist)
मुटुरोग विशेषज्ञ

तेश्रो शनिबार

**डा. सरोज सेढाई**
वरिष्ठ छाला तथा
यौनरोग विशेषज्ञ
MD (Dermatology & Venerology)

**डा.चुनुमिला महर्जन**
NMC No : 9886
प्रसुती तथा स्त्रीरोग विशेषज्ञ
बाँझोपनरोग विशेषज्ञ

चौथों शनिबार

**डा. राजन गोबिन्द मुल्मी**
NMC No : 14059
नाक,कान,घाँटीरोग विशेषज्ञ
(विर अस्पताल)


**डा.विश्वनाथ अधिकारी**
NMC No : 14224
बालरोग विशेषज्ञ
(कान्तीबाल अस्पताल)
चौथों शनिबार

**सापकोटा पोलिक्लिनिक प्रा.लि.**
**सापकोटा मेडिकल हल**
विदुर-२, बट्टार, नुवाकोट
सम्पर्क : ०१०-५६०१३९


# पूर्वमुख्यमन्त्री साझेदार कम्पनीले बनाएको
# त्रिशूलीको नयाँ पुलमा डेढ वर्षमै खाल्टैखाल्टा

**त्रिशूलीबजार ।** नेपालका निर्माण व्यवसायीले निर्माण गर्ने भौतिक संरचनाको गुणस्तरका विषयमा वेलावेलामा जिम्मेवार निकायबाट कुरा उठ्ने र केही समयपछि सेलाउने गरेकाले निर्माण क्षेत्र विश्वसनीय हुन सकेको छैन। देशको ढुकुटी नै रित्याएर विदेशबाट ऋण काढेर बनाउने संरचना दिगो र गुणस्तरीय बनाउने विषयमा नेपालका राजनीतिक दलहरू सत्ताबाहिर हुँदा चर्कोचर्को स्वरले कराउने र सत्तामा पुगेपछि बिर्सिने गरेकाले निर्माण सम्पन्न भएका पूर्वाधार समय नपुग्दै जीर्ण बनिरहेका छन्।

राजनीतिक पहुँचका आडमा निर्माण व्यवसायीले योजना अलपत्र पार्ने गरेका दर्जनौं संरचनाको गुणस्तरबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुर ीसमेत पर्ने गरेको छ । गुणस्तरलाई



हेलचेक्र्याइँ गरेर नुवाकोट जिल्लास्थित विदुर- १ त्रिशूलीबजार-धोबीखोला जोड्ने पुल निर्माण भएर उद्घाटन गरेको १५ महिनामै प्रिमिक्स कार्पेटिङ (पिच) उप्केर खाल्टाखुल्टी हुँदासम्म सम्बन्धित निकाय बेखबर बनेका छन्। पुलको पिच उप्केर बिम देखिएर जोखिम अवस्थामा पुग्दासमेत पुल ओहोरदोहोर गर्ने वडाका जनप्रतिनिधि पुलको बारमा फूल सारेर रमाइरहेका छन् । पुल बागमती प्रदेशका मुख्यमन्त्री एवम् नेपाली काङ्ग्रेसका सहमहामन्त्री बहादुरसिंह लामा तामाङ साझेदार रहेको हिमडुङ एन्ड थोकर-गणेशकुण्ड जेभीले रु. सात करोड ९१ लाखमा निर्माण गरेर डेढ वर्षअगाडि सरकारलाई हस्तान्तरण गरेको हो । वि.सं. २०८१ फागुन १६ गते तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले उद्घाटन गरेको पुल मर्मत गर्नुपर्ने अवस्था आउँदासम्म नगरपालिका, डिभिजन सडक कार्यालयले चासो नदिँदा करोडौं रुपैयाँमा निर्मित पुल जोखिम बनिरहेको छ। पुलको त्रिशूली जलविद्युत्... बाँकी ५ पेजमा

# ५८ हजारले गरे रसुवाको भ्रमण
# पर्यटन आगमन १३ प्रतिशतले वृद्धि

**धुन्चे ।** हिमाली प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित लाङ्टाङ राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्ष २०८२/०८३ मा पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ । रसुवा जिल्लाभित्रका पवित्र तीर्थस्थल गोसाइँकुण्ड, पार्वतीकुण्डसहित लाङ्टाङ उपत्यका तथा निकुञ्ज क्षेत्रको विभिन्न पर्यटकीय गन्तव्यमा गत वर्ष ५८ हजार पाँच सय १७ जना पर्यटकले भ्रमण गरेको तथ्याङ्क निकुञ्ज कार्यालयले सार्वजनिक गरेको छ । यो सङ्ख्या अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को ४३ हजार नौ सय ९२ को तुलनामा करिब १३ प्रतिशतले वृद्धि हो।



निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार राजधानी काठमाडौँबाट छोटो समयमै हिमाली सौन्दर्य र धार्मिक पर्यटनको अनुभव लिन सकिने भएकाले पछिल्ला वर्षमा रसुवा आउने पर्यटकको सङ्ख्या निरन्तर बढिरहेको छ। सरकारले हप्तामा दुई दिन बिदा दिएकाले पनि घुमफिरमा निस्कनेको सङ्ख्या बढेको रसुवा-नुवाकोट पर्यटन समाजका अध्यक्ष बलराम न्यौपानेले बताउनुभयो। राजधानी काठमाडौँबाट यात्रा सुरु गरेको दोस्रो दिन गोसाइँकुण्ड र तेस्रो दिन लाङ्टाङको क्यान्जिन उपत्यकतासम्म पुग्न सकिने सहज पदमार्ग नै रसुवाको मुख्य आकर्षण बनेको छ। निकुञ्जका अभिलेखकर्ता रेन्जर केशव ढोडारीका अनुसार गत आर्थिक वर्षमा भ्रमण गर्ने पर्यटकमध्ये ४५ हजार सात सय २३ नेपाली, आठ सय २४ सार्क मुलुकका नागरिक तथा ११ हजार नौ सय ७० अन्य विदेशी पर्यटक रहेका छन् । पर्यटक आगमनसँगै ... बाँकी ५ पेजमा



त्रिशूली प्रवाह साप्ताहिक

| | | |
|---|---|---|
| प्रकाशक/सम्पादक | : | **शरणउत्सुक सापकोटा** (९८५१००२९३८) |
| संस्थापक सम्पादक | : | **रामचन्द्र भट्ट** |
| कार्यकारी सम्पादक | : | **विष्णु तारुके** (९८५१०९९८००) |
| रसुवा संवाददाता | : | **जी. लेकाली** (०१०५४०२०५ /९८५१११६८३१) |
| | : | **सरस्वती न्यौपाने** (९८४३७६४७९५) |
| कानुनी सल्लाहकार | : | **अधिवक्ता देवराज कँडेल** |
| जनसम्पर्क | : | **शम्भुराम दाहाल** (९८४१९१५७२७) |
| फोटो पत्रकार | : | **सुनिल श्रेष्ठ** |
| काठमाडौं वितरक | : | **नारायण रिमाल** (९८४१०८८२२२) |
| कार्यालय | : | विदुर नगरपालिका-२, सञ्चारचोक, विदुर नुवाकोट |
| फोन/फ्याक्स | : | ०१०-५६०४१९ |
| Email | : | prawaha.weekly@gmail.com, utsuk.nkot@gmail.com |
| मुद्रण | : | **सुप्रिम प्रिन्टिङ प्रेस** |

## हाम्रा कुरा

# कृत्रिम अभाव र कालोबजारी रोकियोस्

**नेपालको बजार व्यवस्थापन प्रणालीको दीर्घकालीन कमजोरीको मारमा अहिले उपभोक्ता परेका छन् । ग्यास अभाव, अस्वाभाविक मूल्यवृद्धि र आपूर्ति असन्तुलनले अहिले उपभोक्तालाई सङ्कटमा पारेको छ । सरकार समस्या आएपछि मात्र सक्रिय हुने, पूर्वतयारीलाई प्राथमिकता नदिने प्रवृत्तिले अहिले बजारमा ग्यासको अभाव देखिएको हो । सरकारी संयन्त्रले बजारमा देखिएको कृत्रिम अभाव र कालोबजारी रोक्न सकिरहेको छैन ।**

**उपभोक्ताले सहज रूपमा ग्यास नपाउने, कालोबजारीको आशङ्का बढ्ने र वैकल्पिक उपाय खोज्न बाध्य हुने अवस्था सिर्जना भएको छ । नेपालीको राष्ट्रिय चाडपर्व सुरु हुन लागेको सङ्केतको रूपमा सरकारी निकायले बजार अनुगमन सुरु गर्छन् । विगत वर्षझैँ यसपालि पनि बजार अनुगमन देशका मुख्य बजार क्षेत्रमा भइरहेका छन् । उपभोक्ताले कारबाही भएको समाचार कमै सुन्न पाउँछन् । अनुगमनको वेलामा कालोबजारी, कृत्रिम अभाव र मिसावटखोरका कर्तुत एकपछि अर्को आउने क्रम जारी छ । नागरिक प्रश्न गर्छन् । अरू वेला शान्त रहेको बजार यतिखेर अनुचित लाभ उठाउन चाहने बढी सक्रिय किन हुन्छन् ? चाडबाडका बखत सरकारी निकायको गति तीव्र हुनाले त्यस्ता अवाञ्छनीय गतिविधि देखापरेको हो ? यी दुवैको उत्तर चिन्तनीय छन् । चाडबाडमा खुदो पल्टने भएकाले अनुचित लाभ उठाउने ज्यादा सक्रिय हुने गरेको मान्ने हो भने त्यस्तामा कानुन, सम्बन्धित निकाय कसैको डर नरहेको प्रस्टिन्छ । चाडबाडमा सम्बन्धित निकाय ज्याँदा सक्रिय हुने गरेकाले घटना धेरै देखापरेको पनि भन्ने गरिन्छ । चाडबाडबाहेक अन्य समयमा सरोकारी निकायको निष्क्रियताको कारण आमउपभोक्ता कति मर्कामा रहेछन् भन्ने बुझ्न अहिलेको ग्यास अभावलाई लिन सकिन्छ । उपभोक्ता हक, हितका प्रावधानमा नेपाल कुनै देशभन्दा कम्ती छैन । संविधानमै उपभोक्ता हक, हितको प्रत्याभूति गरिएको छ । उपभोक्ता कल्याणका लागि अनेक कानुन, नियमावली बनेका छन् । अन्तर्राष्ट्रिय अनुबन्धन, सन्धि, सम्झौता आदिले पनि आशालाग्दो दिशा नऔँल्याएका होइनन् । उपभोक्ता अदालत, उपभोक्ता अधिकारसम्बन्धी सङ्घ–संस्था थुप्रै सक्रिय रहेका छन् । परिवर्तित राजनीतिक प्रणालीमा उपभोक्ताको कल्याणका निम्ति सङ्घीय, प्रदेश तथा स्थानीय सक्रिय हुँदाहुँदै उपभोक्ता अधिकार स्थापित हुन नसक्नु दुःखद हो ।**

**चाडपर्व सुरु हुन लागेसँगै सरकारले अहिले नै अत्यावश्यक वस्तु ग्यास, पेट्रोलियम पदार्थ, चामल, दाल, तेल, तरकारी, मासु, फलफूल, लत्ताकपडाको नियमित आपूर्ति सुनिश्चित गर्ने स्पष्ट योजना बनाउनुपर्छ । सार्वजनिक संस्था जस्तै– खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङलगायत निकायमार्फत बजारमा प्रत्यक्ष हस्तक्षेप गरी मूल्य स्थिरता कायम गर्नुपर्छ । निजी क्षेत्रको मनपरी नियन्त्रण गर्न सार्वजनिक आपूर्ति प्रणालीलाई बलियो बनाउनु अपरिहार्य छ । नियमित अनुगमन बजार सुधारको प्रमुख आधार हो । चाडपर्वको वेला केही दिन देखिने औपचारिक अनुगमनले मात्र समस्या समाधान हुँदैन । यसका लागि वर्षभरि नै निरन्तर, पारदर्शी र परिणाममुखी अनुगमन आवश्यक छ । प्रत्येक पसलमा मूल्य–सूची अनिवार्य राख्ने, बिल जारी गर्ने, गुणस्तर परीक्षण गर्ने र तोकिएको मापदण्ड उल्लंघन गर्नेलाई तुरुन्त कारबाही गर्ने व्यवस्था कडाइका साथ लागू हुनुपर्छ । उपभोक्ताले बजारमा राज्यको उपस्थितिको महसुस गर्न सक्नुपर्छ । सार्वजनिक यातायात पनि चाडपर्वको समयमा अत्यावश्यक सेवाका रूपमा रहन्छ । यस क्षेत्रमा भाडा मनपरी वृद्धि, सिटको दुरुपयोग र सेवामा अनियमितता बारम्बार देखिने समस्या हुन् ।**

**यातायात क्षेत्रमा पनि कडा अनुगमन, भाडा दरको स्पष्टता र उपभोक्ता अधिकारको संरक्षण सुनिश्चित गर्नुपर्छ । लत्ताकपडाको बजारमा पनि चाडपर्वको बहानामा अत्यधिक मूल्यवृद्धि र गुणस्तरमा कमी हुने प्रवृत्ति रोक्न प्रभावकारी नियमन आवश्यक छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको भ्रामक सूचनाको नियन्त्रण हो । बजारमा कृत्रिम अभाव सिर्जना गर्न वा मूल्यवृद्धि जायज देखाउन गलत सूचना फैलाउने प्रवृत्ति बढ्दो छ । यस्ता सूचनाले उपभोक्तामा अनावश्यक त्रास सिर्जना गर्छ र बजारलाई अस्थिर बनाउँछ । त्यसैले, सरकारले आधिकारिक सूचना प्रणालीलाई सुदृढ बनाउँदै गलत सूचना फैलाउनेमाथि कारबाही गर्नुपर्छ । कानुनको पूर्ण कार्यान्वयनविना कुनै पनि नीति प्रभावकारी हुन सक्दैन । नेपालमा उपभोक्ता संरक्षण, कालोबजारी नियन्त्रण, गुणस्तर मापदण्डलगायत पर्याप्त कानुन छन्, तर कार्यान्वयनमा भने गम्भीर कमजोरी देखिन्छ । यदि अनियमितता गर्नेलाई दण्ड नहुने हो भने सुधार सम्भव छैन । त्यसैले, कानुनलाई कागजमा मात्र होइन, व्यवहारमा लागू गरिनुपर्छ र त्यसको अनुभूति उपभोक्ताले प्रत्यक्ष रूपमा गर्न पाउनुपर्छ । सुदृढ आपूर्ति प्रणाली निर्माण गर्नु अहिलेको आवश्यकता हो । उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण शृङ्खलालाई व्यवस्थित गर्दै बिचौलियाको अनावश्यक प्रभाव घटाउनुपर्छ । किसानलाई उचित मूल्य र उपभोक्तालाई सुलभ मूल्य सुनिश्चित गर्ने संरचना विकास गर्नुपर्छ । भण्डारण, ढुवानी र वितरण प्रणालीमा सुधार नगरी मूल्य स्थिरता सम्भव छैन ।**

# नेपाली काङ्ग्रेस : सङ्कट र नेतृत्वको परीक्षा

विचार

श्रीराम श्रेष्ठ



नेपाली काङ्ग्रेस अहिले सामान्य गुटगत विवाद वा सत्ता र पदको प्रतिस्पर्धाभन्दा गहिरो साङ्गठनिक, वैधानिक र वैचारिक सङ्कटबाट गुज्रिरहेको छ । यही परि स्थितिमा सभापति शेरबहादुर देउवालगायत वरिष्ठ नेताहरूको सहभागितामा भएको राष्ट्रिय भेलाले पार्टी विभाजनभन्दा पनि सम्मानजनक एकता, साङ्गठनिक पुनर्संरचना र भावी नेतृत्व व्यवस्थापनको प्रश्नलाई केन्द्रमा ल्याएको छ ।

काठमाडौँमा सम्पन्न सम्मेलनले काङ्ग्रेसको आन्तरिक शक्ति-सन्तुलनसँगै आर्थिक-सामाजिक, राष्ट्रिय तथा वैचारिक मुद्दामाथि समेत बहस गर्दै पार्टीको भविष्यबारे स्पष्ट राजनीतिक सन्देश दिएको छ । सम्मेलनबाट अघि सारिएको पाँचबुँदे प्रस्ताव समय-सान्दर्भिक देखिन्छ । बरु १४औँ महाधिवेशनबाट निर्वाचित नेतृत्व र विशेष महाधिवेशनबाट आएका नेतृत्व समायोजन गरी कार्यसम्पादन समिति गठन गर्ने, पुनर्गठित समितिबाट १५औँ महाधिवेशनको कार्यतालिका घोषणा गर्ने तथा क्रियाशील सदस्यताको निरन्तरता सुनिश्चित गर्ने प्रस्ताव गरिएको छ । यसले देउवा पक्षको उद्देश्य तत्काल पार्टी विभाजन होइन, ऐतिहासिक साङ्गठनिक निरन्तरता र नयाँ नेतृत्वबिच व्यावहारिक सन्तुलन खोज्नु रहेको सङ्केत गरेको देखिन्छ । राष्ट्रिय भेला भनेर देशभरबाट आएका नेता-कार्यकर्ताले भेलालाई राष्ट्रिय सम्मेलनमा परिणत गरेका छन् । सम्मेलनलाई केवल शक्ति प्रदर्शन वा विभाजनको पूर्वाभ्यासका रूपमा बुझ्नु उचित हुँदैन । बरु यो सम्मेलन काङ्ग्रेसलाई वैधानिक, समावेशी, गतिशील र एकताबद्ध बनाउने दबाबमूलक राजनीतिक प्रयासका रूपमा हेरिनुपर्छ । सम्मेलनले पारित गरेको पाँचबुँदे प्रस्तावमा सहमति बन्न सके त्यसले काङ्ग्रेसभित्र दीर्घकालीन एकताको नयाँ आधार तयार गर्न सक्छ । देउवा समूहको मूलभूत प्रश्न भनेको विशेष महाधिवेशनबाट निर्मित नयाँ नेतृत्वले १४औँ महाधिवेशनको राजनीतिक तथा साङ्गठनिक विरासतलाई कुन हदसम्म आत्मसात् गर्छ भन्ने हो ।

काङ्ग्रेस संस्थापन पक्षको चासो र प्रश्न विशेष महाधिवेशनको साङ्गठनिक वैधता तथा त्यसबाट स्थापित नेतृत्वलाई निरन्तर प्रश्नको घेरामा राखेर पार्टीलाई कसरी गतिशीलता दिन सकिन्छ भन्नेमा केन्द्रित छ । यी दुई परस्पर विरोधी दृष्टिकोणबिच तार्किक र न्यायिक सन्तुलन कायम गर्नु नै विद्यमान सङ्कट समाधानको एक मात्र सेतु हो । सुखद पक्ष के छ भने संस्थापन पक्षले पनि पाँचमध्ये चारवटा प्रस्तावमा लचकता र सकारात्मक सङ्केत प्रदर्शन गरेको समाचार प्रकाशमा आएको छ । पुरानो केन्द्रीय समितिलाई यथावत् गाभ्ने प्राविधिक विषयमा मात्र मुख्य असहमति बाँकी रहनुले समाधान असम्भव छैन भन्ने पुष्टि गर्छ । १५औँ महाधिवेशनको कार्यतालिका, महाधिवेशन समिति गठन र क्रियाशील सदस्यतासम्बन्धी विषयमा कायम लचकताले दुवै पक्षलाई सम्मानजनक सहअस्तित्वको निकास खोज्न अनुकूल वातावरण निर्माण गरेको छ । लोकतन्त्र र बहुदलीय राजनीतिक प्रणालीमा दलभित्र फरक विचार, समानान्तर बहस र असहमति हुनु कुनै कमजोरी वा विकृति होइन, बरु असहमति र बहुलवादी मान्यतालाई उचित साङ्गठनिक प्रणालीमार्फत व्यवस्थापन गर्न नसक्नु नेतृत्वको मूल कमजोरी हो । नेपाली काङ्ग्रेसजस्तो गौरवशाली लोकतान्त्रिक आन्दोलनको संवाहक दलमा समानान्तर विचार-विमर्श हुनु स्वाभाविक प्रक्रिया हुन्छ । यदि पार्टीभित्र नेतृत्वको एकाधिकार स्थापित भई आलोचनात्मक चेत, फरक मत र असन्तुष्टिलाई पूर्णतः निरुत्साहित गरियो भने त्यसले काङ्ग्रेसको मूल लोकतान्त्रिक चरित्रलाई नै धराशायी बनाउने जोखिम रहन्छ । तसर्थ, देउवा पक्षले आयोजना गरेको राष्ट्रिय सम्मेलन स्वयम्मा लोकतन्त्रविरोधी अभ्यास होइन, बरु यसले आन्तरिक लोकतन्त्रलाई चलायमान बनाउने र वैकल्पिक विचारलाई संस्थागत गर्ने प्रयास गरेको छ । समस्या त्यतिवेला मात्र उत्पन्न हुन्छ, जब यस्ता सम्मेलन स्थायी समानान्तर साङ्गठनिक ढाँचा वा नयाँ दल गठनको पूर्वाभ्यासमा रूपान्तरित हुन्छन् । तर, देउवा पक्षले बारम्बार १५औँ महाधिवेशनलाई ‘एकताको महाधिवेशन’ बनाउने प्रतिबद्धता व्यक्त गरेकाले यसलाई तत्काल विभाजनको अन्तिम विन्दु मान्न मिल्दैन ।

सम्पन्न सम्मेलनसँगै काङ्ग्रेसको वैचारिक पुनरुत्थान र भावी मार्गदिशाको प्रश्न पनि उत्तिकै पेचिलो बनेर अगाडि आएको छ । नेपाली काङ्ग्रेसभित्र धर्मनिरपेक्षताको वर्तमान संवैधानिक व्यवस्था र नेपालको सनातन सांस्कृतिक पहिचानबारे लामो समयदेखि गम्भीर बौद्धिक एवम् राजनीतिक बहस चलिरहेको छ । यद्यपि, देउवा पक्षले पेस गरेको पाँचबुँदे एकता प्रस्तावमा सनातन हिन्दुराष्ट्रको स्पष्ट माग समावेश गरिएको छैन । तसर्थ, पाँचबुँदे प्रस्तावका आधारमा मात्र काङ्ग्रेस औपचारिक रूपमा हिन्दुराष्ट्रको लाइनमा उभिसकेको निष्कर्ष निकाल्नु वस्तुनिष्ठ मान्न सकिँदैन । विशेष महाधिवेशनबाट सभापति बन्नुभएका गगन थापा पक्षले पनि विगतमा राज्यको धार्मिक निरपेक्षता, सनातन परम्पराको संरक्षण र नागरिकको धार्मिक स्वतन्त्रताबारे सन्तुलित विचार व्यक्त गर्दै आएका छन् । उहाँले राज्य कुनै विशिष्ट धर्मप्रति पक्षपाती हुनुहुँदैन, तर नेपालको परापूर्वकालदेखिको सनातन संस्कृति र सम्पदाको संरक्षण राज्यको दायित्व हुनुपर्छ भन्ने दृष्टिकोण राख्नुभएको थियो । यदि आगामी १५औँ महाधिवेशनमा धर्मनिरपेक्षताको पुनरवलोकन र सनातन पहिचानबारे व्यापक बहस प्रारम्भ भयो भने त्यसलाई केवल व्यक्तिगत नेतृत्वको टकरावको शक्ति-सङ्घर्षका रूपमा मात्र सीमाङ्कन गर्नु गलत हुनेछ । त्यो वस्तुतः काङ्ग्रेसको ऐतिहासिक वैचारिक पुनर्मूल्याङ्कन र आधुनिक राजनीतिक पहिचानको खोजी हुनेछ । भविष्यमा काङ्ग्रेसले धर्मनिरपेक्षताको विद्यमान संवैधानिक ढाँचालाई यथावत् कायम राख्छ, त्यसको लोकतान्त्रिक पुनर्व्याख्या गर्छ वा धार्मिक स्वतन्त्रतासहितको सनातन सांस्कृतिक पहिचानलाई आफ्ना दस्तावेजमा पुनर्गठित गर्छ भन्ने विषय १५औँ महाधिवेशनको वैचारिक बहसबाटै निर्देशित हुनेछ । तर, यहाँ एउटा मूलभूत राजनीतिक सन्तुलन कायम हुनु अनिवार्य छ । सनातन सांस्कृतिक पहिचानको पक्षमा उभिनु र साम्प्रदायिक वा धार्मिक असहिष्णुतालाई बढावा दिनु सर्वथा भिन्न विषय हुन् । यदि काङ्ग्रेसले सनातन पहिचानको एजेन्डा अघि बढाउँछ भने त्यसको लोकतान्त्रिक आधार धार्मिक स्वतन्त्रता, सर्वधर्म समभाव, अल्पसङ्ख्यकको सुरक्षा एवम् बहुसांस्कृतिक सामाजिक सद्भावमा आधारित हुनुपर्छ; अन्यथा यसले काङ्ग्रेसको परम्परागत उदार लोकतान्त्रिक मान्यतालाई आघात पुऱ्याउने जोखिम रहन्छ ।

पार्टीभित्र रूपान्तरण, युवा पुस्ताको आशा र साङ्गठनिक पुनर्संरचनाका प्रतीकका रूपमा जिम्मेवारीसम्म पुगेका हुन् । स्वाभाविक रूपमा उहाँको नेतृत्वबाट आमकार्यकर्ता र नागरिकको अपेक्षा परम्परागत नेतृत्वको तुलनामा निकै उच्च छ । सुशासन, संस्थागत सुधार, आर्थिक पुनर्संरचना र राजनीतिक संस्कृतिमा गुणात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ उहाँले विभिन्न साङ्गठनिक अभियान अघि सार्नुभएको छ । तर, कुनै पनि राजनीतिक नेतृत्वको वास्तविक सामर्थ्य र सफलता भाषण वा लोकप्रिय उद्घोषमा होइन, जटिल साङ्गठनिक व्यवस्थापन र सङ्कट मोचन गर्ने क्षमतामा नापिन्छ । आज पार्टीको एउटा ठुलो सङ्गठित हिस्सा आफूलाई उपेक्षित र सीमान्तकृत महसुस गर्दै समानान्तर गतिविधिमा संलग्न हुनुले साङ्गठनिक विभाजनको गम्भीर सङ्केत गर्छ । बिपी स्मृति दिवसजस्तो साझा ऐतिहासिक अवसरमा समेत संस्थापन पक्ष र संस्थापन इतर पक्ष (देउवा पक्ष) ले पृथक्-पृथक् कार्यक्रम सञ्चालन गर्नुले आन्तरिक अविश्वासको पराकाष्ठालाई उजागर गरेको छ । यसले साङ्गठनिक दूरी र देउवा पक्षको सम्मेलनलाई कतिपय विश्लेषकले गगन थापाको नेतृत्व असफलताका रूपमा चित्रण गरेका छन् । वर्तमान साङ्गठनिक गतिरोधको जरामा विशेष महाधिवेशनको जटिल प्रक्रिया, देउवा पक्षको असहमति, वर्षौंदेखि सञ्चित गुटगत अविश्वास र पुस्तान्तरणको असहजता समावेश छन् । यद्यपि, सभापतिको सर्वोच्च जिम्मेवारीमा पुगिसकेपछि पार्टीभित्रका सम्पूर्ण समस्या र असन्तुष्टिको दायित्वबाट नेतृत्व पन्छिन मिल्दैन । सबैभन्दा ठुलो राजनीतिक कसौटी भनेको आफूलाई कुनै एक गुटको मात्र नभई सम्पूर्ण काङ्ग्रेसजनको साझा र सर्वस्वीकार्य नेतृत्व प्रमाणित गर्नु हो । यदि एक पक्षले अर्को पक्षलाई पेलेर वा साङ्गठनिक रूपमा विस्थापित गरेर अगाडि बढ्ने रणनीति लिए भने आन्तरिक द्वन्द्व अझ उग्र बन्ने छ । यसको विपरीत यदि दुवै पक्षका जायज मागलाई समेटेर बृहत्तर एकता कायम गर्न सके भने मात्र परिपक्वता स्थापित हुनेछन् ।

देउवा पक्षको पञ्चविन्दीय प्रस्तावले मूलतः यही राजनीतिक सन्देश दिएको छ- ‘काङ्ग्रेसको ऐतिहासिक निरन्तरता र वर्तमान रूपान्तरणबिच संस्थागत पुल निर्माण गर्दै साझा नेतृत्व स्वीकार गर्न हामी तयार छौँ ।’ त्यसैले यो सम्मेलन विभाजनको पूर्वसङ्केत नभई एकता कायम गर्ने अन्तिम ऐतिहासिक अवसर बन्न सक्छ । देउवा स्वयम् लामो राजनीतिक अनुभव हासिल गरेका पाका नेता हुनुहुन्छ, जसले आफ्ना सार्वजनिक अभिव्यक्तिमा प्रतिशोधभन्दा सहकार्य, राष्ट्रिय संवाद र साझा दायित्वको आवश्यकता औँल्याउँदै आउनुभएको छ । देउवा पुस्ताको समृद्ध राजनीतिक अनुभव, युवापुस्ताको नवीन ऊर्जा तथा विचार र शेखर-शशांक पुस्ताको ऐतिहासिक-वैचारिक निरन्तरतालाई एकीकृत संयोजन गर्न सक्ने नेतृत्व नै आजको काङ्ग्रेसको आवश्यकता हो । यस अर्थमा आगामी १५औँ महाधिवेशन केवल नयाँ नेतृत्व चयन गर्ने प्राविधिक प्रक्रियामा सीमित नभई नेपाली काङ्ग्रेसको साङ्गठनिक पुनर्जन्म र वैचारिक पुनर्जागरणको ऐतिहासिक महाधिवेशन बन्नुपर्छ । उक्त महाधिवेशनले तीनवटा मुख्य प्रश्नको प्रस्ट उत्तर दिनुपर्छ- काङ्ग्रेस कस्तो लोकतान्त्रिक ढाँचामा अगाडि बढ्ने, नेपालको राष्ट्रिय पहिचान र सांस्कृतिक सम्पदा एवम् राष्ट्रियताप्रति उसको वैचारिक दृष्टिकोण के हुने र बदलिँदो जनसाङ्ख्यिक संरचना एवम् युवा पुस्ताका आकाङ्क्षालाई सम्बोधन गर्ने आर्थिक-सामाजिक नीति कसरी निर्माण गर्ने ? यदि यी प्रश्नलाई लोकतान्त्रिक प्रक्रिया, नागरिक समानता र नेपालको मौलिक सांस्कृतिक पहिचानको जगमा टेकेर निरुपण गरियो भने, वर्तमान सङ्कट नै भोलिको वैचारिक पुनरुत्थानको प्रस्थानविन्दु बन्न सक्छ । अन्ततः देउवा पक्षको राष्ट्रिय सम्मेलनले काङ्ग्रेसलाई साङ्गठनिक ऐना देखाएको छ । अब यस असहमति र वैचारिक मन्थनलाई विभाजनमा परिणत हुन दिने कि एकीकृत शक्तिमा रूपान्तरण गर्ने भन्ने अन्तिम ऐतिहासिक जिम्मेवारी वर्तमान नेतृत्व र देउवा समूहका परिपक्व नेताहरूको राजनीतिक बुद्धिमत्तामा निर्भर गर्दछ । *(लेखक नेपाली काङ्ग्रेस नुवाकोटका सचिव हुनुहुन्छ ।)*

# लोकतन्त्रको आधार : शक्ति सन्तुलन र संवैधानिक मर्यादा

दृष्टिकोण



❑ वैकुण्ठ मिश्र

व्यवस्थापिका जनताको प्रतिनिधित्व गर्ने सर्वोच्च राजनीतिक मञ्च हो । जनताले आफ्ना प्रतिनिधिमार्फत राज्य सञ्चालनमा सहभागिता जनाउने मूल माध्यम नै संसद् हो । त्यसैले व्यवस्थापिकाको गरिमा केवल कानुन निर्माणमा मात्र सीमित हुँदैन । सरकारलाई उत्तरदायी बनाउने, सार्वजनिक स्रोतको निगरानी गर्ने, राष्ट्रिय मुद्दामा बहस गर्ने र नागरिकका आवाजलाई राज्यको नीति निर्माणमा समेट्ने जिम्मेवारी पनि व्यवस्थापिकाकै हो । तर, संसद् कमजोर भयो भने लोकतन्त्र कमजोर हुन्छ । संसद्मा पर्याप्त बहस नहुने, विधेयक गहन छलफलविना पारित हुने, सरकारका निर्णयमाथि प्रभावकारी प्रश्न नउठ्ने वा राजनीतिक दलको आन्तरिक अनुशासनका नाममा जनप्रतिनिधिको स्वतन्त्र विवेक कमजोर हुने अवस्था लोकतन्त्रका लागि स्वस्थ सङ्केत होइन । संसद्लाई सरकारको छाया होइन, सरकारलाई जवाफदेही बनाउने प्रभावकारी संवैधानिक मञ्च बनाऔँ । विपक्षको आवाजलाई अवरोध होइन, लोकतान्त्रिक निगरानीको महत्त्वपूर्ण अङ्गका रूपमा स्वीकार गरौँ । संसदीय समितिलाई प्रभावकारी बनाऔँ । कानुन निर्माणमा पर्याप्त अध्ययन, विज्ञको राय र सरोकारवालाको सहभागिता सुनिश्चित गरौँ । संसद् बलियो हुनु भनेको सरकार कमजोर हुनु होइन । बलियो संसद्ले अझ जिम्मेवार र प्रभावकारी सरकार निर्माण गर्छ ।

**सक्षम कार्यपालिका** : कार्यपालिका राज्य सञ्चालनको प्रत्यक्ष जिम्मेवारी बोकेको अङ्ग हो । जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका विकास, सेवाप्रवाह, सुरक्षा, प्रशासन र सार्वजनिक नीति कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकाकै हो । त्यसैले कार्यपालिका प्रभावकारी हुनैपर्छ । तर, प्रभावकारी सरकार र सर्वशक्तिमान सरकारबिच ठुलो अन्तर हुन्छ । सरकार बलियो हुनु आवश्यक छ, तर सरकार संवैधानिक सीमाभित्र बलियो हुनुपर्छ । व्यवस्थापिका र न्यायपालिकालाई कमजोर बनाएर वा संवैधानिक संस्थाको स्वायत्तता प्रभावित हुने गरी कार्यपालिकामा शक्ति केन्द्रीकरण गर्ने प्रवृत्ति लोकतन्त्रका लागि दीर्घकालीन रूपमा घातक हुन सक्छ । कार्यपालिकाका नेतृत्वले आलोचनालाई विरोध नसम्झी, प्रश्नलाई अवरोध नठानी संवैधानिक नियन्त्रणलाई शासनविरोधी गतिविधिका रूपमा नलिई सांसदले प्रश्न गर्नु सरकारलाई असफल बनाउनु होइन भन्ने बुझ्नुपर्छ । अदालतले संवैधानिक प्रश्नमा निर्णय गर्नु सरकारलाई चुनौती दिनु होइन । सञ्चारमाध्यमले प्रश्न गर्नु वा नागरिकले आलोचना गर्नु लोकतन्त्रको स्वाभाविक अभ्यास हो । सरकारको वास्तविक शक्ति नियन्त्रणमा होइन, विश्वास, पारदर्शिता, परिणाम र जनउत्तरदायित्वमा हुन्छ । त्यसैले कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गर्दा संविधान, कानुन, संसद्, न्यायपालिका, संवैधानिक निकाय र नागरिक स्वतन्त्रताको सम्मानलाई सधैँ सर्वोच्च प्राथमिकता दिनुपर्छ ।

**न्यायपालिका जनविश्वासको थलो** : लोकतन्त्रमा न्यायपालिका नागरिकको अन्तिम भरोसाको केन्द्र हो । कानुनको व्याख्या गर्ने, संविधानको संरक्षण गर्ने र नागरिकका मौलिक अधिकारको रक्षा गर्ने महत्त्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हो । त्यसैले न्यायपालिकाको स्वतन्त्रता लोकतन्त्रको अपरिहार्य आधार हो । तर, स्वतन्त्रता मात्र पर्याप्त हुँदैन । स्वतन्त्रतासँगै निष्पक्षता, पारदर्शिता, जवाफदेहिता, शीघ्र न्याय र जनविश्वास पनि आवश्यक हुन्छ । न्यायपालिकाले न्याय सम्पादन गर्दा कुनै राजनीतिक, व्यक्तिगत, संस्थागत वा बाह्य प्रभावमा पर्नुहुँदैन । न्यायमा पहुँच सहज बनाउनुपर्छ । मुद्दाको अनावश्यक ढिलाइ कम गर्नुहुँदैन । न्यायिक निर्णयप्रति नागरिकको विश्वास अझ बलियो बनाउने वातावरण निर्माण गर्नुपर्छ । न्यायपालिका सरकार वा संसद्को प्रतिस्पर्धी होइन भन्ने बुझाउन सक्नुपर्छ । सरकार र संसद् पनि न्यायपालिकाका प्रतिस्पर्धी होइनन् । तीनवटै अङ्गको उद्देश्य एउटै हो- संविधानको रक्षा, कानुनको शासन र नागरिकको अधिकारको संरक्षण गर्नु ।

**तीनै अङ्ग शक्ति सन्तुलनको आधार** : लोकतन्त्रमा शक्ति आफैँमा खराब होइन; शक्तिको अनियन्त्रित केन्द्रीकरण खतरनाक हुन्छ । व्यवस्थापिका बलियो हुँदा लोकतन्त्र बलियो हुन्छ । कार्यपालिका प्रभावकारी हुँदा शासन प्रभावकारी हुन्छ । न्यायपालिका स्वतन्त्र हुँदा नागरिक अधिकार सुरक्षित हुन्छ । तर, यी तीनमध्ये कुनै एउटा अङ्गले आफूलाई अरूभन्दा माथि राख्न खोज्यो भने लोकतन्त्रको सन्तुलन बिग्रन सक्छ । त्यसैले आवश्यक छ- सहकार्य होस्, तर हस्तक्षेप नहोस् । नियन्त्रण होस्, तर प्रतिशोध नहोस् । आलोचना होस्, तर असहिष्णुता नहोस् । अधिकार प्रयोग होस्, तर अधिकारको दुरुपयोग नहोस् । स्वतन्त्रता होस्, तर निरङ्कुशता नहोस् । उत्तरदायित्व होस्, तर राजनीतिक पूर्वाग्रह नहोस् । यही नै लोकतान्त्रिक शासनको सुन्दर पक्ष हो ।

हामी प्रायः लोकतन्त्रको संरक्षण राजनीतिक नेतृत्वबाट मात्र अपेक्षा गर्छौँ । तर, लोकतन्त्र कुनै एक नेता वा दलले बचाउने विषय होइन । लोकतन्त्रलाई संस्था, संविधान, कानुन, नागरिक समाज, सञ्चारमाध्यम र सचेत नागरिकले सामूहिक रूपमा संरक्षण गर्ने व्यवस्था हो । आज एउटा दल सत्तामा होला, भोलि अर्को दल आउन सक्छ । आज कुनै व्यक्ति सरकारमा होला, भोलि विपक्षमा पुग्न सक्छ । तर, संस्था स्थायी हुन्छन्, संविधान स्थायी हुन्छ र लोकतान्त्रिक मूल्य पुस्तौँसम्मका लागि हुन्छन् । त्यसैले आज आफूलाई फाइदा हुने गरी कुनै संवैधानिक संस्था कमजोर बनाउने प्रयास गरियो भने भोलि त्यसको असर आफ्नै पक्षमा पर्न सक्छ । राजनीतिमा तत्कालीन लाभभन्दा संस्थागत लोकतन्त्रको दीर्घकालीन हित महत्त्वपूर्ण हुन्छ ।

**शक्ति सन्तुलनका लागि नयाँ संस्कार** : नेपालले लोकतान्त्रिक यात्रामा लामो सङ्घर्ष र ठुलो मूल्य चुकाएको छ । लोकतन्त्र प्राप्त गर्नु एउटा उपलब्धि हो, तर त्यसलाई संस्थागत गर्नु अझ ठुलो चुनौती हो । अब हाम्रो राजनीतिक संस्कार यस्तो बन्नुपर्छ, जहाँ सत्तापक्षले विपक्षको सम्मान गरोस् । विपक्षले सत्तापक्षको संवैधानिक भूमिकाको सम्मान गरोस् । सरकारले संसद्को सम्मान गरोस् । संसद्ले न्यायपालिकाको स्वतन्त्रताको सम्मान गरोस् । न्यायपालिकाले संविधान र कानुनको सीमाभित्र रहेर आफ्नो भूमिका निर्वाह गरोस् र सबैले अन्ततः जनताको सार्वभौम अधिकारको सम्मान गरून् । राजनीतिक मतभिन्नता लोकतन्त्रको समस्या होइन । मतभिन्नतालाई असहिष्णुतामा बदल्नु लोकतन्त्रको समस्या हो । शक्ति सन्तुलन लोकतन्त्रको कमजोरी होइन । शक्ति सन्तुलन नै लोकतन्त्रको सुरक्षा कवच हो ।

**निष्कर्ष** : आजको आवश्यकता कसैलाई कमजोर बनाउने होइन, सबै लोकतान्त्रिक संस्थालाई बलियो बनाउने हो । व्यवस्थापिका बलियो होस्, तर जिम्मेवार पनि होस् । कार्यपालिका बलियो होस्, तर उत्तरदायी पनि होस् । न्यायपालिका स्वतन्त्र होस्, तर जनविश्वासयोग्य पनि होस् । यी तीनवटै अङ्गबिच स्वस्थ शक्ति सन्तुलन कायम भयो भने मात्र संविधान जीवित हुन्छ, विधिको शासन बलियो हुन्छ र नागरिकको स्वतन्त्रता सुरक्षित हुन्छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिचको प्रतिस्पर्धा शक्तिका लागि होइन, लोकतन्त्रलाई अझ बलियो बनाउने स्वस्थ प्रतिस्पर्धा बन्नुपर्छ । संस्थालाई व्यक्तिभन्दा माथि राखौँ । संविधानलाई सत्ताभन्दा माथि राखौँ । विधिको शासनलाई राजनीतिक स्वार्थभन्दा माथि राखौँ र जनताको सार्वभौम अधिकारलाई सबैभन्दा माथि राखौँ । लोकतन्त्रमा कुनै पनि अङ्ग सर्वेसर्वा हुन सक्दैन । वेलैमा खबरदारी गरौँ । शक्ति सन्तुलन कायम राखौँ, संविधानको रक्षा गरौँ, विधिको शासन सुदृढ गरौँ र लोकतान्त्रिक नेपाललाई अझ बलियो बनाऔँ । *(लेखक नेपाली काङ्ग्रेस नुवाकोटका सचिव हुनुहुन्छ ।)*

# सञ्चारमन्त्री शनिबार निर्वाचन क्षेत्रमा
# पहिरो प्रभावित बस्तीको निरीक्षण र स्थानान्तरणमा पहल

**विदुर ।** नुवाकोट क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य रहनुभएका सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले शनिबार निर्वाचन क्षेत्रका विभिन्न स्थानमा पहिरोबाट प्रभावित तथा जोखिममा रहेका बस्तीको स्थलगत निरीक्षण गर्नुभयो । स्थानीयवासीका समस्या र गुनासो सुनेर त्यसलाई सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएका मन्त्री तिमिल्सिनाले सोही दिन सूर्यगढी, तादी र दुप्चेश्वर गाउँपालिकाको पहिरोबाट प्रभावित तथा जोखिममा रहेका बस्तीको निरीक्षण गर्नुभएको थियो ।



मनसुनजन्य विपत्का कारण जिल्लाका विभिन्न स्थानमा सडक तथा बस्तीमा पहिरो खस्दा जनजीवन प्रभावित भएको तथा कतिपय बस्ती जोखिममा परेपछि सञ्चारमन्त्री तिमिल्सिनाले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका भूगर्भविद्सहितको टोली लिएर जोखिमयुक्त क्षेत्रको स्थलगत अवलोकन गर्नुभएको राष्ट्रिय स्वतन्त्र पार्टी सूर्यगढी गाउँपालिका समितिका सभापति राजु गिरीले जानकारी दिनुभयो । सञ्चारमन्त्री तिमिल्सिनाले सूर्यगढी- २, चोकदेमा रहेको राम्चेभिर, रातामाटे तथा पहरेथोकलगायतका पहिरो प्रभावित क्षेत्रको निरीक्षण गर्नुभएको थियो । सडकमा पहिरो खस्दा आसपासका बस्तीसमेत जोखिममा परेको अवस्थाबारे स्थानीयवासी र सम्बन्धित निकायका अधिकारीसँग जानकारी लिनुभएको थियो । सूर्यगढी- २ स्थित राम्चे र रातमाटे क्षेत्रमा पहिरोका कारण पहरेथोक, फटपुरलगायतका बस्ती जोखिममा छ ।

स्थलगत निरीक्षणका क्रममा सञ्चारमन्त्री डा. तिमिल्सिनाले पहिरोको जोखिममा रहेका बस्तीको पहिचान गरी आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्न सरकारका सम्बन्धित निकायबिच समन्वय आवश्यक रहेको बताउनुभयो । पहिरोको अवस्था, त्यसले बस्तीमा पारेको प्रभाव तथा तत्काल अपनाउनुपर्ने सुरक्षा उपायबारे उहाँले जोखिमयुक्त बस्तीका बासिन्दा, सडक इन्जिनियर, भूगर्भविद्, जनप्रतिनिधि, स्थानीय अधिकारीसँग छलफल गर्नुभयो । सञ्चारमन्त्री तिमिल्सिनाले विपत् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै जोखिममा रहेका बस्तीको पहिचान, बस्ती व्यवस्थापन तथा स्थानान्तरण, प्रभावित परिवारलाई सुरक्षित आश्रय, राहत तथा पुनर्स्थापनाका काममा स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले अग्रसरता लिनुपर्ने बताउनुभयो । 'विपत् आएपछि उद्धार र राहतमा मात्र सीमित भएर पुग्दैन, जोखिमको पहिल्यै पहिचान गरी नागरिकको ज्यान र सम्पत्तिको सुरक्षा हुने गरी बस्ती व्यवस्थापन गर्नुपर्छ,' उहाँले भन्नुभयो, 'जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा सार्ने विषयमा सम्बन्धित निकायबिच समन्वय गरेर आवश्यक पहल अघि बढाउँछौं ।'

सञ्चारमन्त्री डा. तिमिल्सिनाले जोखिममा रहेका सबै परिवारलाई तत्कालका लागि सुरक्षित अस्थायी आवासको व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । उहाँले अस्थायी टहरा तथा टेन्टको व्यवस्था नभएका परिवारलाई समेत तत्काल आवश्यक व्यवस्था मिलाउन आग्रह गर्नुभयो । पहिरो खसेका कतिपय स्थानमा माथिबाट ढुङ्गा खस्ने जोखिमसमेत रहेकाले नागरिकको आवत-जावतलाई सुरक्षित बनाउन तथा सडकमा खसेको पहिरो तत्काल पन्छाउन उहाँले सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । निरीक्षणका क्रममा मन्त्री तिमिल्सिनाले नेपाल विद्युत् प्राधिकरण नुवाकोट वितरण केन्द्रका प्रमुख राजकुमार रमणसँग जिल्लाको विद्युत् आपूर्तिको अवस्थाबारे पनि जानकारी लिनुभएको थियो । पहिरोका कारण विभिन्न स्थानमा विद्युत्का पोलमा क्षति पुगेपछि विद्युत् सेवा अवरुद्ध भएको अवस्थाबारे जानकारी लिँदै उहाँले क्षतिग्रस्त संरचनाको मर्मत तथा विद्युत् सेवा यथाशीघ्र सञ्चालन गर्न आवश्यक पहल गर्न आग्रह गर्नुभयो ।

उहाँले जिल्लाको विद्युत् वितरण प्रणाली, आवश्यक पूर्वाधार, सेवा प्रवाहका क्रममा देखिएका समस्या तथा समाधानका लागि भइरहेका पहलका विषयमा समेत प्राधिकरणका अधिकारीसँग जानकारी लिनुभयो । जोखिमयुक्त क्षेत्रमा विद्युत् संरचनाको सुरक्षासहित वैकल्पिक व्यवस्थामा समेत ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । त्यसैगरी, सडक डिभिजन नुवाकोटको टोलीसँग पनि सडकको अवस्थाबारे जानकारी लिँदै पहिरोका कारण अवरुद्ध तथा जोखिममा परेका सडकखण्डलाई सुरक्षित रूपमा सञ्चालनमा ल्याउन आवश्यक काम तत्काल अघि बढाउन निर्देशन दिनुभयो । स्थलगत निरीक्षणका क्रममा नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले सूर्यगढी- १ को सेमराङ तथा वडा नम्बर २ का फटपुर र पहरेथोकलगायतका बस्ती पहिरोको उच्च जोखिममा रहेको जानकारी दिनुभयो । जोखिमयुक्त बस्तीका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक पहल भइरहेको उहाँले बताउनुभयो । प्रजिअ रेग्मीका अनुसार जोखिममा रहेका परिवारका लागि तत्काल अस्थायी बसोबासको व्यवस्था मिलाइएको छ भने जोखिमको थप मूल्याङ्कन गरी दीर्घकालीन रूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने विषयमा समेत काम भइरहेको छ ।

मन्त्री तिमिल्सिनाले विपत्का समयमा सरकारी निकायबिच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै जिल्ला प्रशासन, स्थानीय तह, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विद्युत् प्राधिकरण तथा सडकसम्बन्धी निकायलाई आ-आफ्ना जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न आग्रह गर्नुभयो । नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता रहेको उल्लेख गर्दै उहाँले जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने विषयमा आवश्यक प्रक्रिया अघि बढाउन जोड दिनुभयो । स्थलगत निरीक्षणकै क्रममा उहाँले सूर्यगढी- ४ स्थित स्थानीय प्रकाश गिरीको पहिरो प्रभावित घरको समेत अवलोकन गरी प्रभावित परिवारसँग कुराकानी गर्नुभयो । आफ्नो निर्वाचन क्षेत्रका विभिन्न स्थानमा पुगेर स्थानीयवासीका गुनासा तथा विकाससम्बन्धी समस्यासमेत सुन्नुभएको थियो । स्थानीयले टेलिफोन तथा इन्टरनेट सुविधा, सडक, विद्युत्, पहिरो नियन्त्रण, सुरक्षित बस्ती व्यवस्थापन तथा विपत्पछिको पुनर्स्थापनाका विषयमा ध्यानाकर्षण गराएका थिए । यसै क्रममा उहाँले दिउँसो दुप्चेश्वर- ३, सरमथलीको पहिरो क्षेत्रको निरीक्षण गर्नुभएको छ । उहाँले तादी- ३, अल्छेढुङ्गाको पहिरो तथा शिवपुरी- ६, अखौलीको पहिरो प्रभावित क्षेत्रको समेत स्थलगत अवलोकन गरी स्थानीयवासीसँग अन्तरक्रिया गर्नुभएको थियो ।

विपत्को जोखिम रहेका बस्तीलाई अस्थायी रूपमा सुरक्षित स्थानमा राख्नुका साथै भूगर्भीय अध्ययनका आधारमा दीर्घकालीन रूपमा सुरक्षित स्थानमा पुनर्स्थापना गर्नुपर्ने आवश्यकता देखिएको छ । यसका लागि स्थानीय तह, जिल्ला प्रशासन, प्रदेश तथा सङ्घीय सरकार र सम्बन्धित प्राविधिक निकायबिच समन्वय आवश्यक रहेको मन्त्री तिमिल्सिनाले जोड दिनुभयो ।

## बेलकोटगढीका पूर्वनगरप्रमुखको निधन



विदुर । बेलकोटगढी नगरपालिकाका पूर्वनगरप्रमुख राजेन्द्ररमण खनालको आइतबार बिहान उपचारका क्रममा काठमाडौंमा निधन भएको छ । नुवाकोट जिल्ला, बेलकोटगढी- १२, मदानपुरनिवासी खनालको लामो समयदेखि फोक्सोका समस्याका कारण उपचाररत रहँदा जनमैत्री अस्पताल बालाजुमा निधन भएको उहाँको परिवारले जनाएको छ ।

विद्यार्थीकालदेखि नै साम्यवादी राजनीतिमा सक्रिय नेकपा (एमाले) नुवाकोटका उपाध्यक्ष खनालको आइतबार नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो ।

६३ वर्षीय खनालका दुई छोरा र एक छोरी छन् । वि.सं. २०७४ को स्थानीय निर्वाचनमा बेलकोटगढी नगरपालिकाका प्रमुखमा निर्वाचित खनाल वि.सं. २०७९ को स्थानीय निर्वाचनमा सोही नगरपालिकाका नगरप्रमुखमा पराजित हुनुभएको थियो । खनालको निधनप्रति नगरपालिकाले श्रद्धाञ्जली व्यक्त गर्न सोमबार नगर र वडा कार्यालयसहित अतिआवश्यक सेवाबाहेकका सम्पूर्ण नगरभित्रका विद्यालय र कार्यालयमा सार्वजनिक बिदा दिएको थियो ।

## तामाङको परम्परागत पूजापाठ विधि सिकाइँदै

**धुन्चे ।** रसुवा जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र लाङ्टाङको क्याङजिङ गुम्बामा तामाङ समुदायको भाषा, लिपि, धर्म, संस्कार र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि विशेष प्रशिक्षण सुरु भइरहेको छ । क्यान्जिङ र लाङ्टाङ दुवै क्षेत्रलाई समेटेर सञ्चालन गरिएको प्रशिक्षण गत साउन १४ गतेबाट सुरु भएको थियो । स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको प्रशिक्षण एक महिनासम्म सञ्चालन हुनेछ । गोसाईंकुण्ड- ४ को आर्थिक सहयोगमा गत साउन १४ गतेबाट सुरु भएको प्रशिक्षणमा स्थानीय युवालाई मनी गाउने, मनी नाच नाच्ने तथा लामाले पूजाआजामा प्रयोग गर्ने परम्परागत 'स्याल्से तोरमा' बनाउने सिप सिकाइरहेको वडाध्यक्ष डिन्डुप तामाङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'संस्कार, परम्परा र पहिचानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो, हाम्रो परम्परागत पूजापाठ र चाडपर्वमा बनाइने तोरमा बनाउने विधि र मनी नाच युवा पुस्तालाई सिकाउने उद्देश्य रहेको छ ।' प्रशिक्षणमा मनी गाउन र नाच्नका लागि गुरु पेन्बाछिरिङदोर्जे लामा तथा तोरमा निर्माणका लागि ओम्जेतेन्जिन लामाले प्रशिक्षण दिइरहनुभएको छ । सांस्कृतिक परम्परा बचाउन र आधुनिक समयका चुनौतीसँग सामञ्जस्य कायम गर्न यो तालिम निकै उपयोगी हुने सहभागी तेम्पा तामाङले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई बताउनुभयो ।

## डिब्बा मेलाभर रेडपान्डा पार्कमा पार्किङ

**धुन्चे ।** जनैपूर्णिमामा लाग्ने गोसाईंकुण्ड तथा पार्वतीकुण्ड मेला अवधिभर केरुङ जाने मालवाहक कन्टेनरलाई धुन्चेस्थित रेडपान्डा पार्कमा पार्किङको व्यवस्था गरिएको छ । प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र परियारका अनुसार भदौ १२ गते हुने गोसाईंकुण्ड तथा पार्वतीकुण्ड मेलालाई व्यवस्थित, मर्यादित र त्रुटिरहित रूपमा सम्पन्न गर्न पार्किङ व्यवस्थापनलाई प्राथमिकतामा राखेर केरुङ जाने मालवाहक डिब्बालाई रेडपान्डा पार्क क्षेत्रमा पार्किङको व्यवस्था गरिएको छ ।

भक्तजनले ल्याउने सवारीसाधनको चापलाई ध्यानमा राख्दै रसुवामा व्यवस्थित पार्किङको व्यवस्था मिलाउने सडकको छेउछाउमा पार्किङ हुँदै आएका केरुङ जाने मालवाहक कन्टेनरलाई स्थानान्तरण गरी सडक यातायात सहज बनाइएको छ । धुन्चेस्थित प्रहरी चेकपोइन्टदेखि ब्राबलको भिरसम्म सडकको छेउकुना तथा डिलमा केरुङबाट मालसामान आयात गर्न जाने कन्टेनर पार्किङ गर्दा राजमार्गका नाली बिग्रने, सडक भासिने तथा सडक साँघुरो भई नियमित सवारी आवागमनमा समेत समस्या हुँदै आएको छ । भौगोलिक अवस्थाका कारण रसुवामा तत्काल समथर जमिन उपलब्ध गराउन कठिन रहेकाले हाललाई रेडपान्डा क्षेत्रमा अस्थायी पार्किङस्थल बनाइएको छ । सडकमा रहेका कन्टेनर व्यवस्थित पार्किङस्थलमा सारिएपछि पासाङल्हामु मार्गमा मालवाहक सवारीसाधन सहज रूपमा सञ्चालन हुनुका साथै दैनिक उपभोग्य वस्तु, विकास निर्माणका सामग्री तथा अन्य अत्यावश्यक सामग्रीको ढुवानीमा सहजता आउने नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले बताउनुभयो ।

# चोरीको पल्सर मोटरसाइकल बरामद
# सवारीधनीलाई हस्तान्तरण

**विदुर ।** जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटमातहतका कार्यालयबाट सवारी चेकजाँचको क्रममा बरामद गरिएका चोरीका मोटरसाइकल सम्बन्धित सवारीधनीलाई हस्तान्तरण गरिएको छ । गत वर्ष काठमाडौंबाट हराएका तीन थान मोटरसाइकल नियन्त्रण लिई एक थान सम्बन्धित सवारीधनीलाई शुक्रबार हस्तान्तरण गरेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका सूचना अधिकारी प्रनाउ इकवाल हवारीले जानकारी दिनुभयो ।



आर्थिक वर्ष २०८३/०८४ को सुरुवातसँगै दुवै कार्यालयले छुट्टाछुट्टै योजना तयारी गरी कार्यान्वयनमा ल्याएसँगै विभिन्न मितिमा काठमाडौंको विभिन्न स्थानबाट चोरी भएको तीनवटा मोटरसाइकल बरामद भएका छन् भने चोरीका मोटरसाइकलसहित नियन्त्रणमा लिएका व्यक्तिलाई कानुनबमोजिम चोरी मुद्दामा अनुसन्धान भइरहेकोसमेत प्रनाउ हवारीले बताउनुभयो । गत साउन २२ गते इलाका प्रहरी कार्यालय खरानीटार क्षेत्रबाट बा.४१प ९३५३ नम्बरको टिभिएस कम्पनीको आरटिआर मोटरसाइकल नियन्त्रणमा लिनुका साथै मोटरसाइकल चलाउने चालक र सोही मोटरसाइकल पछाडि सवार हुने व्यक्तिलाई समेत नियन्त्रणमा लिई आवश्यक अनुसन्धानका लागि मोटरसाइकलसहित जिल्ला प्रहरी कार्यालयमा बुझाइएको थियो । नियन्त्रणमा लिएको मोटरसाइकल साउन ११ गते काठमाडौं बुढानीलकण्ठबाट हराएको पुष्टि भएको छ । त्यस्तै, गत साउन २६ गते विदुर- ५ माझीटारमा ट्राफिक प्रहरीसहितको संयुक्त प्रहरीको चेकजाँचको चेकिङ देखेर भाग्ने क्रममा आफैं अनियन्त्रित भई सामान्य रूपमा लडी पल्टन जाँदा चालकसहित बा.प्र.०२-००१ प ५१४२ नम्बरको २२० सिसीको पल्सर मोटरसाइकल र चालकसमेतलाई नियन्त्रण ल्याई तत्काल आवश्यक खोजतलास तथा जाँचबुझ गर्दा चोरीको ठहर भई थप आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय नुवाकोट पठाइएको थियो । थप आवश्यक अनुसन्धान गर्दा वास्तविक नम्बर लुम्बिनी प्रदेश ०२-००१ प ५१४२ प्लेटलाई परिवर्तन गरी बागमती प्रदेश ०२-००१ प ५१४२ नम्बरको बनाई चलाएको पाइएको र उक्त मोटरसाइकल वि.सं. २०८२ माघ २८ गते रातिको ११ बजे काठमाडौं- ३१ शंखमूल गणेशपार्कबाट पार्किङमा राखेको अवस्थामा हराएको थियो । सम्बन्धित धनीलाई सवारीसाधन बुझिलिनका लागि खबरसमेत भइसकेको प्रहरी कार्यालयले जानकारी दिएको छ । त्यसैगरी, गत साउन १५ गते कागजपत्र नभएको कसुरमा नियन्त्रणमा ल्याइएको बा.प्र. ०२-०५१ प ३०७५ नम्बरको २२० सिसीको पल्सर मोटरसाइकललाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गर्दा वास्तविक नम्बर प्लेट बा.प्र.०२-०५० प ३७४२ लाई परिवर्तन गरी सञ्चालनमा रहेको र सवारीसाधन चलाउने चालकको खोजी कार्य तीव्र रूपमा जारी रहेको छ । सो मोटरसाइकल वि.सं. २०८२ फागुन १० गते राति काठमाडौं बालाजुबाट हराएको पुष्टि भएको छ । उक्त मोटरसाइकल गत साउन २९ गते शुक्रबार सम्बन्धित सवारीधनी किस्पाङ- २ बस्ने पूर्णबहादुर तामाङलाई प्रहरी कार्यालयमा प्रहरी प्रवक्ता प्रनाउ हवारी र ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक विनोद ढकालले हस्तान्तरण गर्नुभएको थियो ।


## नुवाकोट निर्माण व्यवसायी सङ्घ
विदुर, नुवाकोट

## साधारणसभा तथा अधिवेशनको मिति सरेको सूचना !

यस सङ्घको १६औं साधारणसभा एवम् १०औं अधिवेशन यही भदौ २६ र २७ गते गर्ने गरी तयारी भएकोमा विशेष कारणवश भदौ २५ र २६ गते गर्ने निर्णय भएकाले नवीकरण गर्नुभएका सम्पूर्ण सदस्यज्यूहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अधिवेशनमा भाग लिनका लागि मिति २०८३ साउन २८ गते बेलुका ५ बजेसम्म सदस्यता नवीकरण गर्नुभएका सम्पूर्ण सदस्यज्यूहरूलाई साधारणसभा तथा अधिवेशन कार्यक्रममा अनिवार्य उपस्थित भइदिनुहुन अनुरोध गर्दछौं । साथै, साधारणसभाको उद्घाटन र निर्वाचनसम्बन्धी कार्यतालिका 'त्रिशूली प्रवाह' साप्ताहिकको आगामी अङ्कमा प्रकाशित गरिनेछ । अन्य जानकारीका लागि सङ्घको सचिवालयको ०१०-५६०४४०, ९७६७४८०७४० फोन तथा मोवाइल नम्बरमा सम्पर्क गर्नुहोला ।

**सुशीलप्रसाद फुयाँल**
*महासचिव*

## सातदिने सूचना

नुजि साबिक चारघरे गाविस- ८, हाल विदुर- १२ को कित्ता नम्बर ७५३ को क्षेत्रफल १-३-०-० को जग्गामा गाई, भैंसी, बाख्रा, कुखुरालगायत पशुपक्षीपालन र तरकारी तथा फलफूल खेती गर्ने उद्देश्यले **भूमे कृषि पशुपक्षी फर्म उद्योग** स्थापना गर्न लागिएको हुँदा सो फर्मले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा सो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**राय-सुझाव दिने स्थान** — विनपा- १२ को कार्यालय, नुवाकोट; उद्योग वाणिज्य पर्यटन तथा यातायात कार्यालय, विदुर, नुवाकोट

**निवेदक** — **नाम** : संगीता तामाङ; **ठेगाना** : विदुर- १२, नुवाकोट

**सम्पर्क नं. : ९७६८८८६१४३**

## सातदिने सूचना

नुजि विदुर- ४ को कित्ता नम्बर ४७६६ को क्षेत्रफल ०-१०-०-३ को जग्गामा **एसडी मोटरसाइकल वर्कसप** स्थापना गर्न लागिएको हुँदा सो वर्कसपले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा सो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**राय-सुझाव दिने स्थान** — विनपा-४ को कार्यालय, बट्टार, नुवाकोट; उद्योग वाणिज्य पर्यटन तथा यातायात कार्यालय, विदुर, नुवाकोट

**निवेदक** — **नाम** : सन्ध्याकुमारी चौधरी; **ठेगाना** : विदुर- ४, नुवाकोट

**सम्पर्क नं. : ९८६१६२५९२६**

## अनुमति लिएर गण्डकीमा गाँजा उत्पादन, प्रयोग, बिक्री–वितरण हुने

**पोखरा ।** नेपालको सातवटा प्रदेशमध्ये गण्डकी प्रदेशमा अब वैधानिक रूपमा गाँजाखेती हुने भएको छ। निश्चित क्षेत्रमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेती गर्न मिल्ने कानुनी बाटो खुलेको छ। प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रमाणीकरण गरेको विधेयकअनुसार अब गण्डकी सरकारले निर्देशक समितिको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै जिल्ला वा स्थानीय तहभित्रका निश्चित क्षेत्रलाई औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेती गर्न मिल्ने क्षेत्र घोषणा गर्न सक्नेछ।

औषधि व्यवस्था विभागमा दर्ता भएका औषधि उद्योग वा कम्पनीले औषधि उत्पादनका लागि प्रयोग गर्ने तथा सम्बन्धित चिकित्सा परिषद्मा दर्ता भएका चिकित्सकको सिफारिसमा चिकित्सकीय प्रयोग हुने गाँजा वा त्यसका अंशलाई 'औषधिजन्य प्रयोजन' मानिएको छ। त्यस्तै, गाँजाबाट प्राप्त हुने फाइबर, बिउ, पात, तेल, फूल वा डाँठलाई 'औद्योगिक प्रयोजन'अन्तर्गत समेटिएको छ। विधेयकअनुसार खेती गरिएको गाँजा कटानी, भण्डारण, प्रयोग वा बिक्री-वितरण गर्नुअघि त्यसमा रहेको रासायनिक पदार्थ टेट्राहाइड्रोक्यानाबिनोल (टिएचसी) को मात्रा ०.३ प्रतिशतभन्दा कम हुनुपर्ने व्यवस्था गरिएको छ।

गाँजाखेतीको अनुगमन तथा निर्देशनका लागि प्रदेशका मुख्यमन्त्रीको अध्यक्षतामा नौ सदस्यीय निर्देशक समिति गठन गर्ने प्रावधान राखिएको छ। अनुमतिविनै गाँजाखेती गरेमा वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्रभन्दा बाहिर खेती गरेमा अथवा अनुमति दिइएको प्रयोजनभन्दा फरक कार्य गरेमा कसुरको प्रकृति हेरी रु. ५० हजारदेखि रु. पाँच लाखसम्म जरिवाना गर्न सकिने व्यवस्था विधेयकमा समावेश गरिएको छ। खेतीको अनुमतिपत्र पाँच वर्षका लागि मान्य हुनेछ। ऐन वा नियमविपरीत काम गरेमा वा स्वयम् अनुमति खारेज गर्न निवेदन दिएमा अनुमतिपत्र रद्द गर्न सकिने व्यवस्था पनि गरिएको छ। प्रदेश प्रमुखले पुनर्विचारका लागि फर्काएको विधेयक प्रदेश सभाले दोस्रोपटक हुबहु पारित गरेको थियो। वि.सं. २०८२ कात्तिक २५ मा प्रदेश सभामा दर्ता भएको यो विधेयक करिब आठ महिनापछि पारित भएको हो।

गाँजाखेती गर्न इच्छुक व्यक्ति वा कम्पनीले परिचय, कम्पनी वा फर्मको विवरण, स्थायी लेखा नम्बर (प्यान), सम्पर्क विवरण, खेती गर्न चाहेको स्थान र क्षेत्रफल, जग्गाको स्वामित्व वा भाडासम्बन्धी विवरण, स्थानीय तहको सिफारिस, औषधिजन्य वा औद्योगिक प्रयोजनमध्ये कुन प्रयोजनका लागि खेती गर्ने हो भन्ने विवरण, उत्पादन हुने गाँजाजन्य पदार्थको अनुमानित परिमाण तथा खरिद सुनिश्चित गर्ने उद्योगको सहमतिपत्रसहित निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ। उक्त विवरणका आधारमा आवश्यक जाँचबुझपछि निर्देशकले पूर्वसहमतिपत्र दिन सक्ने व्यवस्था विधेयकमा गरिएको छ। अनुमतिपत्रप्राप्त व्यक्तिले तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गर्नुपर्नेछ। जुन प्रयोजनका लागि अनुमति दिइएको हो, त्यसबाहेक अन्य प्रयोजनमा उत्पादन प्रयोग, बिक्री-वितरण गर्न पाइनेछैन।

## ज्योति बैंकको खुद नाफा रु. डेढ अर्ब

**विदुर ।** नुवाकोट जिल्लामा आठ शाखा रहेको ज्योति विकास बैंक लिमिटेडले आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमाससम्म उल्लेखनीय वित्तीय सुधार गर्दै खुद नाफा, सञ्चालन मुनाफा तथा अन्य प्रमुख सूचकमा बलियो वृद्धि हासिल गरेको छ। विगत चार वर्षदेखि सेयर सदस्यलाई मुनाफा दिन नसकेको ज्योतिले यस वर्ष बोनस दिने भएको छ।

बैंकको नुवाकोटमा छहरे, रातमाते, समुन्द्रटार, बट्टार, त्रिशूली, कोलनी, देउराली र सामरीमा शाखा सञ्चालनमा रहेका छन्। सार्वजनिक गरेको अपरिष्कृत वित्तीय विवरणअनुसार असार मसान्तसम्म बैंकले रु. एक अर्ब ५९ लाख ५२ हजार खुद नाफा कमाएको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको रु. १२ करोड २० हजारको तुलनामा नौ सय ५.७५ प्रतिशतले बढी हो। बैंकको खुद ब्याज आम्दानी पनि ११.७७ प्रतिशतले बढेर रु. दुई अर्ब ३४ करोड १९ लाख ७० हजार पुगेको छ। अघिल्लो वर्ष यही अवधिमा यस्तो आम्दानी रु. दुई अर्ब नौ करोड ५३ लाख १३ हजार रहेको थियो। यस अवधिमा बैंकको कुल सञ्चालन आम्दानी १३.८८ प्रतिशतले वृद्धि भई रु. दुई अर्ब ८१ करोड ३५ लाख ६६ हजार पुगेको छ, जुन अघिल्लो वर्ष रु. २ अर्ब ४७ करोड ६ लाख ४४ हजार थियो। सञ्चालन मुनाफामा अझ ठुलो सुधार देखिएको छ। बैंकको सञ्चालन मुनाफा तीन सय ६०.१४ प्रतिशतले बढेर रू.एक अर्ब ७९ करोड ३७ लाख ५० हजार पुगेको छ। अघिल्लो वर्ष यही अवधिमा सञ्चालन मुनाफा रु. ३८ करोड ९८ लाख २१ हजार मात्र थियो।

बैंकको वितरणयोग्य मुनाफा पनि सकारात्मक अवस्थामा फर्किएको छ। समीक्षा अवधिमा वितरणयोग्य मुनाफा रु. १४ करोड ४३ लाख ६४ हजार पुगेको छ। अघिल्लो वर्ष भने यो रु. ९९ करोड ९४ लाख ऋणात्मक रहेको थियो। सम्पत्ति गुणस्तरतर्फ पनि सुधार देखिएको छ। बैंकको निष्क्रिय कर्जा (एनपिएल) अघिल्लो वर्षको ७.७५ प्रतिशतबाट घटेर ६.५५ प्रतिशतमा झरेको छ। यस्तै, बैंकको प्रतिसेयर आम्दानी (इपिएस) रु. दुई पैसा २८ बाट बढेर रु. २२ पैसा ८८ पुगेको छ। प्रतिसेयर नेटवर्थ एक सय ७०.९७ रहेको छ भने पिई रेसियो १४.८२ गुणा कायम भएको छ।

# पूर्वप्रधानमन्त्री ओलीद्वारा उद्घाटित शिलालेख गायब
# नेपालको पहिलो सुरुङमार्ग तीन महिनालाई परीक्षण सञ्चालन

**काठमाडौँ ।** नेपालको पहिलो सुरुङमार्ग बनेको झन्डै एक वर्षपछि नागढुङ्गा-सिस्ने खोला गत महिना औपचारिक रूपमा उद्घाटन भएर तीन महिनाका लागि परीक्षण सञ्चालन भइरहेको छ। सुरुङमार्गमा परीक्षणकालको अवधिभर एम्बुलेन्स, दमकल र सुरक्षा निकायका सवारीसाधन मात्र गुडिरहेका छन्। पूर्ण सञ्चालनपछि पनि मोटरसाइकल र इन्धन बोकेका सवारीलाई प्रवेश निषेध गरिएको छ। परीक्षणकालभर गुड्ने गाडीको प्रवेश निःशुल्क गरिएको छ।



वि.सं. २०७६ मा शिलान्यास गरिएको शिलालेख जेन-जी आन्दोलनका क्रममा नष्ट भएको दाबी गरिएको छ। जापानी ठेकेदार हाजमा-आन्दो जेभीले निर्माण गरेको आयोजनामा जाइकाको रु. १६ अर्ब सहुलियतपूर्ण ऋण र नेपाल सरकारको मुआब्जालगायत थप लगानी छ। सञ्चालन तथा व्यवस्थापनको जिम्मा युसिन-एआरटी जेभीलाई दिइएको छ, जसले पाँच वर्षमा सरकारलाई रु. एक अर्ब १० करोड राजस्व बुझाउने प्रतिबद्धता जनाएको छ। सुरुङमार्ग सञ्चालनसँगै नागढुङ्गा-थानकोट क्षेत्रको लामो जाम घट्ने, यात्रा समय करिब आधा घण्टामा सीमित हुने र दूरी पनि करिब २.५ किलोमिटर छोटिने अपेक्षा गरिएको छ। वि.सं. २०७६ कात्तिक ४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त सुरुङमार्गको शिलान्यास गर्नुभएको थियो। ओलीले शिलान्यास गरेको शिलालेख जेन-जी आन्दोलनको क्रममा हराएको थियो। तत्कालीन प्रधानमन्त्रीले शिलान्यास गरेको शिलालेख विभागका कर्मचारीको चरम लापरबाहीले गायब भएको स्थानीयवासी बताउँछन्।

### कति खर्च

वि.सं. २०७६ देखि निर्माण सुरु गरिएको सुरुङमार्ग परियोजनाको पटक-पटक म्याद थप भइसकेको छ। सुरुङमार्ग निर्माण जापानी ठेकेदार कम्पनी हाजमा-आन्दो जेभीले गरिरहेको छ। आयोजनामा रु. १६ अर्ब जाइकाको सहुलियतपूर्ण ऋण छ भने मुआब्जालगायतमा नेपाल सरकारले थप रु. नौ अर्ब खर्च गरेको छ। आयोजनाका अनुसार निर्माणमा साढे १८ अर्ब रुपैयाँ खर्च भएको छ भने मुआब्जामा करिब रु. ६ अर्ब खर्च भएको छ। पूर्वाधार विकास मन्त्रालयले सुरुङमार्गको सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा चाइनिज कम्पनी युसिन एआरटी जेभीलाई दिएको छ। युसिन नेपाली कम्पनी हो भने एआरटी चाइनिज कम्पनी हो। टेन्डर प्रक्रियाबाट उक्त कम्पनी छनोट गरिएको थियो। युसिन कम्पनीका अनुसार सुरुङमार्ग सञ्चालन गर्न आवश्यक देखिएका एक सय ५० जना कर्मचारीलाई हाल तालिम दिइरहेको छ। ती कम्पनीका अनुसार एक सय ५० मध्ये सातजना कर्मचारी विदेशी छन्। विदेशी प्राविधिक कर्मचारीसँग यसअघि सुरुङमार्ग सञ्चालन गरेको अनुभव हुनेछ। नेपाली कर्मचारीका लागि भने पहिलो अनुभव हुनेछ। सरकारले सुरुङमार्ग भएर गुड्ने सवारीसाधनले बुझाउनुपर्ने शुल्कसमेत तोकिसकेको छ। उक्त शुल्क राजपत्रमा प्रकाशित भएको छ। विभागका अनुसार रु. ६० देखि रु. ६ सय तोकिएको छ। काठमाडौँ प्रवेश गर्दा र बाहिरिँदा फरक-फरक शुल्क राखिएको छ। सुरुङमार्गबाट शुल्क उठाएबापत एआरटी युसिन कम्पनीले पाँच वर्षमा सरकारलाई रु. एक अर्ब १० करोड राजस्व बुझाउने प्रतिबद्धता गरेको छ।

### किन ढिलो सञ्चालनमा

सुरुङमार्ग सञ्चालन गर्न सेवा प्रदायक छान्न नै केही महिना ढिलो भएको थियो। यसले पनि सुरुङमार्ग ढिलो सञ्चालन भएको आयोजनाका कर्मचारी बताउँछन्। गत पुस १७ गतेबाट सरकारले सुरुङमार्ग सञ्चालन गर्ने तयारी गरेको थियो, तर विभिन्न कारण देखाउँदै सरकारले सुरुङमार्ग सञ्चालन गर्ने मिति पर सार्दै गएको छ। सुरुङमार्ग सञ्चालन गर्न कार्यविधि बनाउने विषयमा पनि केही समय ढिलो भएको थियो। गत असोजमा मात्र सरकारले नागढुङ्गा सुरुङमार्ग सञ्चालन, व्यवस्थापन तथा मर्मतका लागि सेवा प्रदायक परिचालन गर्ने टनेल सञ्चालन र व्यवस्थापन (टनेल अप्रेसन एन्ड मेनेजमेन्ट) कार्यविधि पास गरेको थियो। सडक विभागका कर्मचारीका अनुसार सुरुङमार्ग सञ्चालन भएपछि काठमाडौँबाट बाहिरिने र बाहिरबाट काठमाडौँ भित्रिने सवारीसाधनलाई थानकोट-नागढुङ्गामा घण्टौँसम्म जाममा बस्नुपर्ने बाध्यता हट्नेछ। सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनले उक्त दूरी आधा घण्टामै पार गर्नेछन्। विभागका अनुसार बलम्बुदेखि सिस्ने खोलासम्मको दूरी ७.५ किलोमिटर छ, तर सुरुङमार्ग सञ्चालन भएपछि साढे दुई किलोमिटर बाटो छोट्टिएर पाँच किलोमिटरमा सीमित हुनेछ।

आयोजनाका अनुसार एआरटी युसिन कम्पनीले नै सुरुङमार्गभित्र अक्सिजन, अग्नि नियन्त्रक, सुरक्षा, सञ्चारलगायतका सुविधा र शुल्क उठाउने व्यवस्था मिलाउनुपर्नेछ। सुरुङमार्गभित्र बिजुलीको व्यवस्था पनि शुल्क उठाउने कम्पनी/निकायले नै गर्नेछ। मन्त्रालयका एक कर्मचारीले यो सुरुङमार्ग नेपालको पहिलो अनुभव भएकाले कानुनको मस्यौदा गर्नेलगायतका तयारीमै केही समय अलमल भएको बताउनुभयो।

# सिस्नु कृषक कृष्णको कथा

**विदुर ।** नुवाकोट जिल्ला, घ्याङफेदीमा जन्मिएका कृष्ण स्याङ्तानको जीवनयात्रा सङ्घर्ष र दृढइच्छाशक्तिको एउटा अनुपम नमुना हो। आफ्नो गृहजिल्लामा प्रारम्भिक शिक्षा पूरा गरी उच्च शिक्षाका लागि काठमाडौँ प्रवेश गर्नुभएका उहाँले आफ्नो योग्यताका आधारमा एक प्रतिष्ठित बैंकमा रोजगारीसमेत प्राप्त गर्नुभयो। धेरैका लागि बैंकको सुरक्षित जागिर नै अन्तिम गन्तव्य हुन सक्थ्यो, तर उहाँभित्र समाज र राष्ट्रका लागि केही फरक र अर्थपूर्ण काम गर्ने हुटहुटी सदैव जीवित रह्यो। नयाँ अनुभव र सिपको खोजीमा बेलायतसम्म पुग्नुभएका उहाँलाई विदेशको भौतिक सुखले भन्दा आफ्नै माटाको सुगन्धले बढी आकर्षित गर्‍यो जसका कारण उहाँ स्वदेश फर्किएर निर्माण, यातायात र सामाजिक सेवामा सक्रिय हुनुभयो।




कृष्णको व्यावसायिक जीवनमा वि.सं. २०८० साउन १ गते एउटा ऐतिहासिक मोडका रूपमा देखापर्‍यो। काठमाडौँको दरबारमार्गमा सञ्चालित 'रैथाने कृषि हाटबजार'मार्फत उहाँले आफ्नै जन्मथलो विकट घ्याङफेदीका रैथाने उत्पादनलाई सहरिया उपभोक्तासम्म पुर्‍याउने अभियान सुरु गर्नुभयो। उहाँले गर्नुभएका यस्ता प्रशंसनीय प्रयास, कृषि प्रवर्द्धन र स्थानीय उत्पादनको बजारीकरणलाई कृषिसँग सम्बन्धित सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत निरन्तर प्रवर्द्धन भइरहेको छ। उहाँले बजारमा अन्न सँगसँगै घ्याङफेदीको सिस्नु, घिउ आलु र घट्टमा पिसेको कोदो-मकैको पिठो बिक्री गर्दै रैथाने खाद्य संस्कृतिको महत्त्वसमेत स्थापित गराइरहनुभएको छ। विशेषगरी विगतमा 'गरिबको आहारा' भनेर उपेक्षित गरिएको सिस्नुलाई उहाँले एक विशिष्ट औषधीय र पौष्टिक 'सुपरफुड'का रूपमा पुनः परिभाषित गर्नुभयो। सिस्नुको सुप र मःमजस्ता नवीन परिकारको अवधारणा ल्याएर उहाँले घ्याङफेदीको सिस्नुलाई काठमाडौँका आधुनिक भान्साको हिस्सा बनाउन सफल हुनुभएको छ। उहाँले गर्नुभएको यही लगावले गर्दा आज समाजले वास्तविक नामभन्दा पनि आदर र मायाले 'सिस्नु स्याङ्तान' भनेर चिन्छन्। उहाँले स्थानीय कृषक र युवालाई आफ्नै स्रोत र साधनको मूल्य बुझाउँदै आत्मनिर्भर बन्न र रैथाने सम्पदाको संरक्षण गर्न उत्प्रेरित गरिरहनुभएको छ।

कृष्णको यो यात्राले सफलताका लागि ठुलो लगानीभन्दा पनि आफ्नै सेरोफेरोमा रहेका साधारण वस्तुको असाधारण मूल्य चिन्न सक्नु ठुलो कुरा हो भन्ने प्रमाणित गरिदिएको छ। उहाँ आज रैथाने सम्पदा संरक्षण र कृषि उद्यमशीलताका एक सच्चा नायकका रूपमा स्थापित हुनुभएको छ। समग्रमा, कृष्णको जीवनयात्रा र सिस्नुको प्रवर्द्धनले स्थानीय स्रोतको सदुपयोगमार्फत कसरी राष्ट्रिय आत्मनिर्भरता र व्यक्तिगत पहिचान निर्माण गर्न सकिन्छ भन्ने उत्कृष्ट उदाहरण प्रस्तुत गरेर ग्रामीण अर्थतन्त्रको सबलीकरणमा ठोस टेवा पुगेको छ।







### बाहुनबेँसी-खरानीटार र छहरे-टोखा सडकखण्डमा
## राति सवारी आवागमनमा रोक

**विदुर ।** नुवाकोट जिल्लाको पूर्वी भेग जोड्ने मुख्य सडकमार्ग गँगटे-खरानीटार-समुन्द्रटार-गोल्फुभन्ज्याङकोबाहुनबेँसी-खरानीटार सडकखण्डमा जिल्ला प्रशासन कार्यालय नुवाकोटले गत साउन २६ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि राति सवारी आवागमनमा रोक लगाएको छ।

काठमाडौँ उपत्यका प्रवेश गर्ने मुख्य सडकमार्गको रूपमा रहेको छहरे-टोखा सडकखण्डमा पनि भदौ १ गते सोमबारदेखि अर्को सूचना जारी नभएसम्म राति १० बजेबाट बिहान ५ बजेसम्म सार्वजनिक तथा निजी सवारीसाधनको आवतजावत पूर्ण रूपमा बन्द गरिएको छ।

सो सडकमार्गको शिवपुरी- ८, घट्टेखोला क्षेत्रमा वर्षाको कारण अचानक लेदोसहितको पहिरो र गेग्रान ल्याई सडक बारम्बार अवरोध हुने गरेकाले जोखिमपूर्ण अवस्थामा मानवीय क्षति कम गर्न र सर्वसाधारणको सुरक्षालाई मध्यनजर गर्दै अत्यावश्यक सेवा एम्बुलेन्स, दमकल, सुरक्षा निकायका सवारीसाधनबाहेकका अन्य सम्पूर्ण सार्वजनिक तथा निजी सवारीसाधनको आवतजावत बन्द गरिएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताउनुभयो।

त्यसैगरी, बाहुनबेँसी-खरानीटार सडकखण्डमा राति ८ बजेदेखि बिहान ६ बजेसम्म अत्यावश्यक सेवाका एम्बुलेन्स, दमकल, सुरक्षा निकायका सवारीसाधनबाहेक अन्य सम्पूर्ण सार्वजनिक तथा निजी सवारीसाधनको आवत-जावत पूर्ण रूपमा बन्द गरिएको सहायक प्रजिअ कृष्णप्रसाद हुमागाईंले जानकारी दिनुभयो।

भारी तथा अतिभारी वर्षाको कारण अचानक पहिरो, बाढी र गेग्रान ल्याई सडक अवरोध हुने गरेकाले सडकमा थप पहिरो खस्न सक्ने तथा यात्राको क्रममा जोखिम बढ्न सक्ने भएकाले सम्भावित दुर्घटना न्यूनीकरणका लागि रातिको समयमा सवारी आवागमन रोक्ने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय नुवाकोटले जनाएको छ। यात्रा गर्नुअघि मौसमको पूर्वानुमान, वर्षाको अवस्था तथा सडकको अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न प्रशासनले सबैमा अनुरोध गरेको छ।

साथै, जोखिमयुक्त क्षेत्रमा अनावश्यक यात्रा नगर्न र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले आग्रह गर्नुभएको छ।

## १७ बस्ती जोखिममा

**धुन्चे ।** रसुवा जिल्लाका पाँच गाउँपालिकाका १७ बस्ती पहिरो र प्राकृतिक विपत्को जोखिममा छन्। जिल्ला विपत् व्यवस्थापन समितिको गत हप्ता सम्पन्न बैठकले बस्तीको संरक्षणका लागि पूर्वाधार विकास मन्त्रालय (सिंहदरबार र हेटौंडा)सँग बजेट माग गरेको छ।

समितिका अध्यक्ष एवम् रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारका अनुसार जिल्लाका जोखिमका बस्तीमा क्षति कम गर्न ती क्षेत्र खाली गरी लाङ्टाङ राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय गरेर तत्कालका लागि अस्थायी संरचना निर्माण गर्ने तयारी भइरहेको छ। बैठकले यही भदौ १२ गते लाग्ने गोसाईंकुण्ड मेलालाई व्यवस्थित र सुरक्षित बनाउन उपसमिति बनाएर परिचालन गर्ने निर्णय गरेको छ। बैठकमा सङ्घीय सांसद मोहन आचार्य, प्रदेश सभा सदस्य इन्द्र गोतामे, जिसस प्रमुख अशोककुमार घिमिरेलगायत पालिकाका अध्यक्ष, उपाध्यक्ष, जिल्ला सुरक्षा निकायका प्रमुख, विपत् र पूर्वाधारसँग सम्बन्धित कार्यालयका प्रमुखलगायत सरोकारवालाको उपस्थिति थियो। मेला अवधिभर जिल्लाभित्रको सवारी आवागमनलाई सुरक्षित बनाउन धुन्चेदेखि श्रीनाथ गण र धुन्चे चेकपोस्टतर्फ राखिएका मालवाहक सवारीसाधनलाई गोसाईंकुण्ड-६ स्थित रेडपान्डा पार्कअगाडिको खुला स्थानमा स्थानान्तरण गर्ने निर्णय भएको छ। यसअघि भत्किएको वा बिग्रेको सडक तथा नाला मर्मतका लागि सडक डिभिजन नुवाकोटले आवश्यक कार्य अघि बढाउन बैठकले मिति तोकेर निर्देशन दिएको छ। गत साउन १४ गते र त्यसपछि पटक-पटक आएको बाढीका कारण गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक योजनाअन्तर्गतको त्रिशूली-मैलुङ सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ। जिल्लाको उत्तरगया- ५, नौबिसे पेट्रोलपम्पनजिक सडक कटान भएका कारण स्थानीय बस्ती, जलविद्युत् आयोजना र गाउँपालिकाको प्रशासनिक कार्यालयसमेत उच्च जोखिममा परेका छन्।

जोखिमका बस्तीको संरक्षणका लागि पहल गरिने भएको छ। आमाछोदिङ्मोको फूलबारी बस्ती र पाजुङ घरबस्ती, उत्तरगयाको बलेखर्क बस्ती, बनुवा घुम्ती बस्ती र चिप्लेटी बस्ती, कालिकाको चित्रेपानी बस्ती, गोम्बा डाँडा घरबस्ती, बाँस्तोला घरबस्ती, पाखिन टोल, डिखेत घरबस्ती, रूपसेपानी र ग्राङ क्षेत्र रहेका छन्। त्यसैगरी, गोसाईंकुण्डको बहाल फेदी (साबिक थुमन- ८), बाहुनी (साबिक स्याफ्रुबेंसी- १) र स्याफ्रुबेंसी बजार क्षेत्रलगायत नौकुण्डको थाङ्दोर पुच्छार, युब्रा बस्ती र एकपाखे बस्ती रहेको छ। यसका साथै, पासाङल्हामु सडकखण्डअन्तर्गत उत्तरगया- ५, बनुवाघुम्ती क्षेत्रमा सडक डिभिजन नुवाकोटले निर्माण गरेको ग्याबिन पर्खाल वर्षाका कारण भत्किएकाले त्यसको दीर्घकालीन रोकथामका लागि विस्तृत अध्ययन गर्न समितिको बैठकले निर्देशन गरेको छ।

## विभाजनउन्मुख ...

भने जारी छ । भारतमा बेलायतको औपनिवेशिक शासन समाप्त हुने जनाउसँगै नेपालमा राणाशासन अन(त्यका लागि बिपीसहितका नेताहरूले नेपाली काङ्ग्रेस गठन गर्नुभएको थियो । त्यसका लागि सुरुमा वि.सं. २००६ चैत १४ गते नेपाली प्रजातन्त्र काङ्ग्रेस (नेप्रका) र नेपाली राष्ट्रिय काङ्ग्रेस (नेराका) कोइराला समूहका अध्यक्षले दुई पार्टीबिच एकीकरण वि.सं. २००६ चैत २७ गतेदेखि कोलकतामा गर्नुभएको थियो । स्थापनाको आठ दशकमा काङ्ग्रेसले मुलुकको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको अगुवाइ गरे पनि आन्तरिक किचलो र कहलबाट पार्टीलाई नै मुक्त गर्न सकेन । काङ्ग्रेसभित्रको आन्तरिक कलह र व्यक्तिगत लडाइँले देशको आर्थिक विकास मात्र होइन, शासन प्रणाली पनि पटकपटक सङ्कटमा परेको छ । काङ्ग्रेसका जिम्मेवार नेताहरू शक्ति र स्वार्थको पछि लाग्दा खोसिएको प्रज(ातन्त्र फिर्ता ल्याउन वर्षौं लागेको थियो । एकले अर्काको उछित्तो काढेर सिध्याउन काङ्ग्रेसका नेता अहिले पनि सक्रिय छन् । देशको राजनीति तरल अवस्थामा रहेका वेला काङ्ग्रेसमा एकता देखिनुपर्नेमा विभाजनउन्मुख हुँदा लोकतान्त्रिक व्यवस्था नै सङ्कटापन्न अवस्थामा पुगेको छ । गत भदौ २३ र २४ को जेन-जी विद्रोहसँगै मुलुकको राजनीतिमा आएको बदलावलाई स्वीकार गर्दै अघि बढ्नुपर्ने काङ्ग्रेसीजनहरू एक-अर्काविरुद्ध खनिन पुगेका छन् । काङ्ग्रेसका नेताहरू पुस अन्तिम साता भएको विशेष महाधिवेशनपछि त्यसको पक्ष र विपक्षमा विभाजित छन् । विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले मा(न्यता दिएपछि तत्कालीन संस्थापन (शेरबहादुर देउवा) पक्ष नयाँ दल गठनको गृहकार्यमा तीन महिनादेखि जुटिरहेको छ । तीनदिने राष्ट्रिय भेला आइतबार सम्पन्न गरिसकेको छ । पूर्वप्रधानमन्त्री देउवा पक्षले काङ्ग्रेस विशेष महाधिवेशन र त्यसबाट निर्वाचित सभापति गगन थापालाई अस्वीकार गर्दै सनातन हिन्दु धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउन नीति पारित गरेको छ । देउवा पक्षले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वलाई मान्यता दिने फैसला पुनरवलोकन माग गर्दै दिएको सर्वोच्चमा दिएको निवेदनमा निस्सा मिलेको छ । पुनरवलोकन निस्सासँगै नयाँ दल गठन गृहकार्य तत्काललाई रोकेर पर्ख र हेरको अवस्थामा छ ।

आधिकारिकता विवादमा सर्वोच्च अदालतबाट पुनरवलोकनको निस्सा पाएपछि तत्कालीन संस्थापन पक्ष उत्साहित देखिएको छ भने विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्व दबाबमा परेको देखिन्छ । वि.सं. २००७ मा प्रजातन्त्र स्थापनापछि २००९ मा मातृकाप्रसाद कोइराला र बिपीबिच सरकारलाई लिएर विवाद भएको थियो । त्यसलाई लिएर नै काङ्ग्रेस विभाजित हुन पुगेको थियो । वि.सं. २००८ मङ्सिर १ गते काङ्ग्रेस नेतृत्वमा एकमना सरकार गठन हुन पुग्यो, तर मातृकाप्रसाद र बिपीबिचको विवाद बढ्दै जाँदा वि.सं. २००८ फागुन १८ गते काङ्ग्रेस महाधिवेशन स्थगित हुन पुग्यो । सभापति पदका लागि उम्मेदवारी दिएका मातृकाप्रसाद सरकारलाई सहयोग गर्ने सर्तमा बिपीलाई सभापति मान्न तयार भए । वि.सं. २००८ चैत २८ गते मातृकाले उम्मेदवारी फिर्ता लिएपछि २००९ जेठ १९ गते बिपी सभापति छानिनुभयो । त्यसको केही दिन बित्न नपाउँदै भद्रकाली मिश्रसहितका नेतालाई सरकार र पार्टीबाट हटाउने निर्णय भयो । वि.सं. २००९ जेठ २१ गते नेपाली काङ्ग्रेसबाट अलग भएर नेपाली राष्ट्रिय काङ्ग्रेस शाह (महेन्द्रविक्रम शाह) गठन भयो । काङ्ग्रेसबाट सरकारमा गएका मातृका, शाह, नारदमुनि थुलुङ र महावीरशमशेरलाई ४८ घण्टाभित्र सरकारबाट राजीनामा दिन पार्टीले आग्रह गऱ्यो । उहाँहरूले पार्टीको आग्रहलाई अस्वीकार गरेपछि साउन ९ मा बसेको काङ्ग्रेस पार्लियामेन्टरी बोर्ड बैठकले सरकारको औचित्य समाप्त भएको भन्दै ४८ घण्टाभित्र राजीनामा नदिए काङ्ग्रेससँगको सम्बन्ध नरहने निर्णय गऱ्यो । १२ गते सूर्यप्रसाद उपाध्याय, सुवर्णशमशेर राणा र गणेशमान सिंहले मन्त्रीबाट राजीनामा दिनुभयो । साउन २२ गते मातृकासहित तीनजनालाई साधारण सदस्यतासमेत नरहने गरी पार्टीबाट निष्कासन गर्ने निर्णय भएको गृष्मबहादुर देवकोटाद्वारा लिखित नेपालको राजनीतिक दर्पणमा उल्लेख छ ।

वि.सं. २०१० वैशाख १६ गते मातृकाले राष्ट्रिय प्रजा पार्टी (राप्रपा) गठन गर्नुभयो । सोही गुटबाट वि.सं. २०१२ भदौमा दयानिधि शर्मा अलग भए । त्यसैवेला नेका र नेका वामपन्थीबिच एकता गर्न वि.सं. २०१० साउन १३ गते बिपी र बालचन्द्र शर्माले हस्ताक्षर गरे पनि एकता हुन सकेन । त्यो समयमा बेदानन्द झाको नेतृत्वमा नेपाली तराई काङ्ग्रेस पनि सक्रिय थियो । वि.सं. २०१० भदौ २ मा राष्ट्रिय प्रजा पार्टी र नेका वामपन्थीबिच एकता भयो । वि.सं. २०१२ मा राष्ट्रिय प्रजा पार्टी विनासर्त काङ्ग्रेसमा समाहित भएको राजनीतिक दर्पणमा उल्लेख छ । सोही साल वीरगन्जमा भएको काङ्ग्रेस महाधिवेशनबाट सुवर्णशमशेर राणा सभापति भए । वि.सं. २०१५ मा भएको पहिलो आमनिर्वाचनमा काङ्ग्रेसले दुईतिहाइ बहुमत ल्यायो । सरकारको नेतृत्व गर्ने विषयमा बिपी र सुवर्णशमशेरबिच विवाद बढ्दै गए पनि अन्ततः बिपी प्रधानमन्त्री बन्नुभयो । तर, बिपी नेतृत्वको सरकारलाई तत्कालीन राजा महेन्द्रले काङ्ग्रेसका नेताहरूको साथ र सहयोग लिएर वि.सं. २०१७ पुस १ गते अपदस्थ गर्नुभयो । बिपी, गणेशमान, कृष्णप्रसाद भट्टराईसहितका नेतालाई राजाले लामो समय जेलमा राखे । तर, बिपीले विश्वास गरेका तुलसी गिरी, विश्वबन्धु थापा, परशुनाराण चौधरीसहितका नेता राजाको सहयोगी बने । राजालाई अप्रजातान्त्रिक कदम चाल्न काङ्ग्रेसभित्रको आन्तरिक विवादसँगै मातृका, सूर्यप्रसाद उपाध्याय, गिरीसहितका नेताले उक्साएको राजनीतिक दर्पणमा उल्लेख छ । आठ वर्ष लामो जेल जीवनपछि बिपीसहितका नेता छुटे । राजनीतिक दलमाथि प्रतिबन्ध लगाइएकाले नेता भारतमा गएर बस्न थाले । काङ्ग्रेसले मुलुकमा प्रजातन्त्र स्थापनाका लागि शान्तिपूर्ण मात्र होइन, सशस्त्र आन्दोलनको पनि सहारा लियो । वि.सं. २०३३ पुस १६ गते बिपीसहितका नेताहरू भारत निर्वासनबाट मेलमिलापको नीति लिएर स्वदेश आए । स्वदेश फकर्ने क्रममा नेपालमै बसेका भट्टराईलाई पार्टीको कार्यवाहक सभापति दिने सहमति भएअनुसार वि.सं. २०३४ देखि भट्टराई काङ्ग्रेसको कार्यवाहक सभापति बन्नुभयो । मेलमेलाप नीतिअन्तर्गत बिपीसहितका नेताहरू स्वदेश फर्कँदा निर्माण हुँदै गएको वातावरणले वि.सं. २०३६ मा बहुदल र सुधारिएको पञ्चायतमध्ये एक रोज्न जनमतसङ्ग्रह भयो । राजा र भारतलाई समेत विश्वासमा लिन बिपीले पर्शुनारायण चौधरीलाई प्रधानमन्त्रीका रूपमा अघि सार्ने प्रस्ताव खुला मञ्चबाटै राख्नुभयो । पार्टी महामन्त्रीको जिम्मेवारीमा रहनुभएका चौधरी दरबारको विश्वासपात्र हुनुहुन्थ्यो । जनमतसङ्ग्रहको परिणाम बहुदलको विपक्षमा आए पनि बिपीले स्विकार्नुभयो । घाँटीको क्यान्सरबाट पीडित बिपीको वि.सं. २०३९ साउन ६ गते निधन भयो । त्यसले काङ्ग्रेसभित्र अन्योल बढायो । तर, भट्टराई, गणेशमान र गिरिजाप्रसाद कोइरालाले पार्टीलाई सम्हाल्दै नेता-कार्यकर्तालाई सङ्गठित गर्दै कम्युनिस्टसँग सहकार्य गरेर पञ्चायतविरुद्धको आन्दोलन सुरु गरे । त्यो वेला काङ्ग्रेसका नेताहरू बिस्तारै दरबार पस्न थालेपछि रोक्नका लागि कतिपय नेतालाई अध्ययनका लागि विदेश पठाउनुभएको थियो ।

वि.सं. २०४६ माघ ५ देखि ७ गतेसम्म काठमाडौंमा सम्पन्न काङ्ग्रेस भेलाले वामपन्थीसँग सहकार्य गरेर मुलुकमा प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलन गर्ने निर्णय गऱ्यो । गणेशमानको अगुवाइमा भएको शान्तिपूर्ण आन्दोलनबाट प्रजातन्त्र पुनर्स्थापना भयो । काङ्ग्रेसका कार्यवाहक सभापति भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । सरकारले तोकिएको समयसीमाभित्र नयाँ संविधान जारी गर्दै आमनिर्वाचन गरायो । काङ्ग्रेसको नेतृत्वमा बहुमतको सरकार बन्यो । गिरिजाप्रसाद प्रधानमन्त्री बन्नुभयो । ३० वर्षपछि वि.सं. २०४८ मा कलबलगुडीमा काङ्ग्रेसको आठौं महाधिवेशन भयो । भट्टराई सभापतिमा निर्वाचित हुनुभयो । पार्टीका नेताहरूबिच फेरि मनमुटाव बढेर गिरिजाप्रसाद नेतृत्वको बहुमतको सरकार ढल्न पुग्यो । सो घटनाले पार्टी विभाजनको सँघारमा पुगे पनि भट्टराईले पार्टी फुट्नबाट जोगाउनुभएको थियो । वि.सं. २०५३ मा काङ्ग्रेसको नवौं महाधिवेशन काठमाडौंमा भयो । गिरिजाप्रसाद सभापतिमा निर्वाचित हुनुभयो । सन्त नेताका रूपमा पनि चिनिनुहुने भट्टराईलाई प्रधानमन्त्रीका रूपमा अघि सार्दै वि.सं. २०५६ को आमनिर्वाचनमा गएको काङ्ग्रेसले फेरि बहुमत पायो । पूर्वसहमतिअनुसार भट्टाराईलाई प्रधानमन्त्री बनाइयो, तर वर्ष दिन नपुग्दै उहाँलाई हटाएर गिरिजाप्रसाद प्रधानमन्त्री बन्नुभयो । वि.सं. २०५७ मा पोखरामा भएको दशौं महाधिवेशनबाट गिरिजाप्रसाद सभापतिमा दोहोरिनुभयो । दरबार हत्याकाण्डपछि बनेका नयाँ राजा ज्ञानेन्द्रको असहयोग र पार्टीभित्रको विवादका कारण गिरिजाप्रसादले प्रधानमन्त्रीबाट राजीनामा दिनुपर्ने अवस्था आयो । त्यही वर्ष शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुभयो । माओवादीविरुद्ध सङ्कटकाल लगाउने कि नलगाउने भन्ने पार्टीभित्रको विवादमा देउवाले वि.सं. २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचन घोषणा गर्नुभयो । तोकिएको मितिमा निर्वाचन हुन नसक्दा राजाले देउवालाई वि.सं. २०५९ असोज १८ गते अक्षम घोषणा गरी सत्ताच्युत गरी सत्ता हातमा लिनुभएको हो ।

राजनीतिक दलहरू आन्दोलनमा उत्रिए । राजाको प्रत्यक्ष शासन अघि बढ्यो । वि.सं. २०६२ भदौमा भएको नेपाली काङ्ग्रेसको महाधिवेशनबाट गिरिजाप्रसाद तेस्रो कार्यकालका लागि सभापति निर्वाचित हुनुभयो । सोही वर्ष नेपाली काङ्ग्रेसबाट अलग भएर बनेको नेपाली काङ्ग्रेस प्रजातान्त्रिकको सभापति देउवा बन्नुभयो । गिरिजाप्रसाद नेतृत्वको काङ्ग्रेसले राजाविरुद्ध आन्दोलन अघि बढाउँदै हिंसाको बाटो रोजेको माओवादीसँग वार्ता थाल्यो । दिल्लीमा भएको १२बुँदे सहमतिको जगमा राजाको प्रत्यक्ष शासन अन्त्य गर्दै माओवादीलाई शान्तिपूर्ण आन्दोलनमा फर्काउन काङ्ग्रेस सफल भयो । वि.सं. २०६४ असोजमा भएको दुई पार्टीको महासमिति बैठकबाट काङ्ग्रेस फेरि एक बन्यो । वि.सं. २०६४ चैतमा निर्वाचनबाट गठित संविधानसभाले संविधान जारी गर्न नसकेपछि वि.सं. २०७० मङ्सिरमा दोस्रो संविधानसभा निर्वाचन भयो । काङ्ग्रेसका तत्कालीन सभापति सुशील कोइराला नेतृत्वमा सरकार बन्यो । सोही सरकारका पालामा वि.सं. २०७२ असोज ३ गते संविधानसभाबाट नयाँ संविधान जारी भयो । वि.सं. २०७२ फागुनमा भएको महाधिवेशनबाट देउवा सभापतिमा निर्वाचित हुनुभयो । उहाँको नेतृत्वको सरकारले संविधान कार्यान्वयनको कामलाई अघि बढायो ।

देउवा नेतृत्वको सरकारले नयाँ संविधानअनुसार वि.सं. २०७४ मा सङ्घीय प्रतिनिधिसभा, प्रदेश सभा र स्थानीय तहको निर्वाचन गरायो । निर्वाचनपछि बनेका सरकारले सत्तामा पुग्न गठबन्धनको संस्कृति भित्र्याए । जनतामा आशा र अपेक्षाअनुसार काम नगर्दा जनतामा निराशा बढ्दै गयो । त्यसैको परिणाममा वि.सं. २०८२ भदौ २३ र २४ गते जेन-जी विद्रोह भयो । यो विद्रोहले मुलुकको राजनीतिक दिशा नै परिवर्तन गरिदियो । जेन-जी विद्रोहसँगै बढेको काङ्ग्रेस विवाद अहिले विभाजन र विखण्डनको अवस्थामा छ । काङ्ग्रेसभित्रको सङ्कट अहिले विभाजनउन्मुख छ । नेताहरूको एकले अर्कालाई स्वीकार गर्न नसक्ने अवस्था रहिरह्यो र कुनै अदृश्य शक्तिको चमत्कार भएन भने सग्लो काङ्ग्रेस रहनेछैन ।

## रास्वपा होमियो ...

सुरु गरिएको सभापतिले बताउनुभयो । रास्वपा चुनावमा होमिँदै गर्दा पुराना दल नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी भने आन्तरिक विवाद व्यवस्थ(ापनमै समय खर्चिरहेका छन् । सङ्घीय निर्वाचनमा धक्का व्यहोरेका तीन दलहरू भने चुनावी तयारीभन्दा पनि आन्तरिक विवाद व्यवस्थापनमै केन्द्रित छन् । प्रमुख प्रतिपक्ष दल काङ्ग्रेसको वैधानिकताको विषय सर्वोच्च अदालतमा विचाराधीन छ । विशेष महाधिवेशनबाट आएको नेतृत्वले सुरुमा वैधता पाए पनि त्यसमाथि(को पुनरवलोकन निवेदनले निस्सा पाएपछि यो विषय पुनः न्यायिक परीक्षणमा छ । संस्थापन महाधिवेशनको तयारीमा छ भने इतर समूह हालै मात्र राष्ट्रिय भेला गरेर समूह बलियो बनाउन लागिरहेको छ । समानान्तर गति(तविधिमा रहेका दुवै समूह अझै स्थानीय निर्वाचनतर्फ सोझिएका छैनन् । जेन-जी आन्दोलन, प्रधानमन्त्रीबाट केपी ओलीको बलपूर्वक बहिर्गमन र सङ्घीय नि(र्वाचनमा कमजोर परिणामपछि सङ्घीय संसद्को दोस्रो शक्ति एमालेमा पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको बहसमै अल्मलिएको छ । तर, गत मङ्सिरमा विशेष मह(ाधिवेशनबाट तेस्रो कार्यकालका लागि अध्यक्ष बनेका ओली नेतृत्व हस्तान्तरण गर्नेप्रति कठोर रूपमा प्रस्तुत भएका छन् । यहीवेला नेकपासँग सहकार्यको हात बढा(एका ओली पार्टीभित्रका आलोचकसँग थप अनुदार हुँदै गएका छन् । एमालेको विवाद कहाँ गएर कसरी टुङ्गिन्छ भन्ने अनिश्चितताले उसका लागि स्थानीय तह निर्वाचन प्राथमिकतामा परेको छैन । संसद्को तेस्रो शक्ति नेकपाका लागि निर्वाचनभन्दा प्रदेशमा सत्तासमीकरण, पार्टी कार्यक्रम र विवाद प्राथमिकतामा छन् । नेकपाले आगामी मङ्सिरमा महाधिवेशन घोषणा गरेको छ । तर, संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले नेतृत्व छाड्नुपर्ने मत उठेको छ । यद्यपि, एमालेमा जस्तो नेकपामा नेतृत्व हस्तान्तरणको मत बलियोसँग उठेको छैन । मङ्सिरको महाधिवेशनपछि मात्रै नेकपा स्थानीय निर्वाचनमा लाग्ने तयारीमा छ । राप्रपा विभाजन भइसकेको छ । महामन्त्री धवलशमशेर राणाले छुट्टै दल घोषणा गरिसकेका छन् । पुराना दलहरू आन्तरिक द्वन्द्वमा फसेका वेला रास्वपाका नेतामा फेरि उच्च मनोबल बढेको देखिएको छ ।

## १८ महिनापछि ...

कुनै नाफामूलक वा व्यवसायमूलक कार्यमा लगा(उन नपाइने तथा ऐतिहासिक-पुरातात्त्विक-धार्मिक-सांस्कृतिक महत्त्वको स्थलको मौलिकतामा असर नपर्ने गरी उपभोग गर्नुपर्ने प्रावधान राखी भोगाधिकार दिइएको छ ।

पालिकाका अध्यक्ष ध्रुव श्रेष्ठले भवन निर्माणका लागि जग पूजा गरेर शिलान्यास गरेको कार्यपालिकाका प्रवक्ता एवम् वडा नम्बर १ का वडाध्यक्ष नरहरि पाण्डेले जानकारी दिनुभयो । निर्माण हुने भवनको जग्गा ३२ हजार ६ सय ६३ वर्गफिट, भुइँतलाले ओगटेको जमिन सात हजार पाँच सय ९०.२८ वर्गफिट रहेको पालिका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । भवन चार तलाको १४.२० मिटर उचाइको हुनेछ । भवन निर्माणको लागत अनुमान रु. ११ करोड ३२ लाख भए पनि २८ प्रतिशत घटेर रु. सात करोड ९७ लाखमा सूर्यकिरण निर्माण सेवा, नखिपोट, ललितपुरले १८ महिनाभित्र अर्थात् वि.सं. २०८४ माघ मसान्तसम्म निर्माण गर्ने सम्झौता भएको प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो ।

वर्षौंदेखि आफ्नै प्रशासकीय भवनको अभाव झेल्दै आएको लिखुका लागि यो जग्गा प्राप्ति र भवन निर्माण सुरु हुनुलाई महत्त्वपूर्ण उपलब्धि मानिएको छ । भवन निर्माणको प्रक्रिया अघि बढेपछि स्थानीयवासी उत्साही बनेका छन् । लामो समयदेखि कहिले भाडाको घर तथा अस्थायी संरचनाबाट सेवा प्रवाह गर्दै आएको लिखुले डेढ वर्षभित्र आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गर्ने बताइएको छ । हाल लिखु- ३ भलाद्मीडाँडाबाट सञ्चालन हुँदै आएका लिखुको कार्यालय तथा सेवा निकट भविष्यमा आफ्नै भवनबाट सञ्चालन हुने भएपछि सेवाप्रवाह अझ व्यवस्थित, प्रभावकारी र नागरिकमैत्री हुने अपेक्षा उपाध्यक्ष सुभद्रा अधिकारीले व्यक्त गर्नुभयो ।

## पूर्वमुख्यमन्त्री साझेदार ...

गृह ढोकापट्टि खाल्टाखुल्टी बनेर पानी जमेका कारण साना सवारीसाधन आवतजावतमा समस्या हुने गरेको स्थानीयवासी कुलबहादुर खड्गीले बताउनुभयो ।

विदुर- १, धोबीखोला र त्रिशूलीबजारस्थित नेपाल विद्युत् प्राधिकरण विद्युत्गृह प्रवेशद्वार जोड्ने त्रिशूली नदीमा निर्माण गर्ने वेलामा सरस्वती मन्दिर हटाएर बनाइएको थियो । स्थानीयवासीले पुलसँगैको सुगतपुर विहारको नजिक सरस्वती मन्दिर बनाउने सर्तमा पुल बनाउन सहयोग गरेका थिए । ठेकेदार र वडाका जनप्रतिनिधिले सहमतिअनुसार मन्दिर नबनाइदिएको स्थानीयवासी अहिले रुष्ट बनेका छन् । स्थानीय बासिन्दा पुल मर्मत र मन्दिर बनाइदिन सडक कार्यालय र ठेकेदारसँग माग गरेका छन् । जिल्लाकै पहिलो जलविद्युत् परियोजना त्रिशूली जलविद्युत् केन्द्र निर्माणका क्रममा वि.सं. २०२० मा बनेको पुल जीर्ण भएपछि सँगै नयाँ पुल निर्माण सम्पन्न भएको हो । ६ दशकअघि जलविद्युत् केन्द्रका लागि निर्माण सामग्री ओसार-पसार गर्न बनेको पुल अहिले जीर्ण र कुनै पनि समय दुर्घटना हुन सक्ने अवस्थामा रहेकाले नयाँ पुल बनाउन पहल गरेको तत्कालीन नगरप्रमुख सञ्जु पण्डितले बताउनुभयो । पुरानो पुल अत्यधिक भारवहन र समयक्रमसँगै जीर्ण भएर दुर्घटनाको जोखिम बढेपछि त्यसलाई यथावत् राखेर नजिकै नयाँ पुल निर्माण गरिएको उहाँले बताउनुभयो । नयाँ पुल निर्माणपछि दुर्घटनाको जोखिम हट्नुका साथै 'साँघुबजार' क्षेत्रमा आवागमनमा सहज हुनेसमेत बताइएको थियो । करिब रु. आठ करोडको लागतमा निर्माण सम्पन्न भएको पुलको लम्बाइ ६० मिटर लामो र ११ मिटर चौडा दोहोरो लेनको छ । उक्त नयाँ पुल बक्स कडर प्रिस्टेस प्रविधिमा निर्माण भएको हो । 'डिजाइन एन्ड बिल्ड मोडल'मा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग, पुल महाशाखा काठमाडौंअन्तर्गत सेक्टर- २, ललितपुरको संयोजनमा निर्माण भएको थियो ।

## ५८ हजारले ...

निकुञ्जको राजस्व सङ्कलनमा पनि सकारात्मक प्रभाव परेको छ । निकुञ्जले पर्यटन प्रवेश शुल्क, वन पैदावार, दण्ड-जरिवाना, हेलिकोप्टर अवतरण शुल्क, मूल्य अभिवृद्धि कर, प्रशासनिक सेवा शुल्क, होटेल कर तथा अन्य सेवाबाट राजस्व सङ्कलन गर्दै आएको छ ।

पर्यटनसँगै संरक्षणको उद्देश्य

वि.सं. २०३२ मा स्थापना भएको लाङटाङ राष्ट्रिय निकुञ्ज नेपालको पहिलो हिमाली राष्ट्रिय निकुञ्ज हो । यसको स्थापना हिमाली पारिस्थितिक प्रणाली, दुर्लभ वन्यजन्तु, जैविक विविधता, हिमाली वनस्पति तथा स्थानीय संस्कृति संरक्षण गर्ने उद्देश्यले गरिएको थियो । निकुञ्ज रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा फैलिएको छ । यसको एक हजार सात सय १० वर्गकिलोमिटर संरक्षित क्षेत्र र चार सय २० वर्गकिलोमिटर मध्यवर्ती क्षेत्र रहेको छ । निकुञ्जका रेन्जर रूपेश लामाका अनुसार निकुञ्ज क्षेत्रमा प्रवेश गर्दा अनुमति लिएर मात्र यात्रा गर्न, आफ्नो यात्रा विवरण खुलाउन तथा पदयात्राका क्रममा भेटिने वन्यजन्तुलाई नतर्साई प्राकृतिक वातावरणमै अवलोकन गर्न अनुरोध गरिएको छ । वरिष्ठ संरक्षण अधिकृत डा. श्यामकुमार साहले पदयात्राका क्रममा लठ्ठी बनाउन भन्दै वनस्पति नकाट्न, वन्यजन्तुमाथि कुनै प्रकारको हिंसा वा दुर्व्यवहार नगर्न आग्रह गर्नुभयो । उहाँका अनुसार हिमाली क्षेत्रमा अत्यधिक चिसोका कारण एउटा रुख पूर्ण रूपमा हुर्किन करिब २० वर्ष लाग्ने भएकाले अनावश्यक रूपमा वनस्पति काट्दा हिमाली वातावरण र धार्मिक वन दुवैमा नकारात्मक असर पुग्ने गर्दछ ।

दुर्लभ वन्यजन्तुको सुरक्षित वासस्थान

रसुवागढीदेखि नुवाकोटको दुप्चेश्वर हुँदै सिन्धुपाल्चोकको स्याउलेसम्म फैलिएको निकुञ्ज जैविक विविधताको दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यहाँ ४६ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन् । विश्वकै दुर्लभ मानिने रातो हाब्रे (रेडपान्डा), हिमचितुवा, आसामी बाँदरलगायतका वन्यजन्तु यहाँका प्रमुख आकर्षण हुन् । निकुञ्जका अनुसार आर्थिक वर्ष २०३५/०३६ देखि यस क्षेत्रमा व्यवस्थित रूपमा पर्यटक आगमन सुरु भएको हो । त्यसयता पर्यटन शुल्कबाट प्राप्त राजस्वले संरक्षण, पूर्वाधार विकास र व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

वन्यजन्तु संरक्षणमा चुनौती

गत आर्थिक वर्ष २०८१/०८२ मा गोसाईंकुण्ड- ४ स्थित लाङटाङ क्षेत्रमा दुईवटा कस्तुरी मृग पासोमा परी मरेको भेटिएपछि निगरानी थप कडा बनाइएको निकुञ्जले जनाएको छ । त्यस अवधिमा कुकुरको आक्रमणबाट एक बाँदर र एक नीरबिरालो, पासोका कारण एक मलसाप्रो, सडक दुर्घटनाबाट एक रतुवा, भिरबाट लडेर एक घोरल तथा प्राकृतिक कारणले एक कोइरालो (उड्ने लोखर्के) मृत अवस्थामा फेला परेको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख छ । निकुञ्ज प्रशासनले संरक्षण र पर्यटन एक-अर्काका परिपूरक भएको उल्लेख गर्दै हिमाली प्रकृति, वन्यजन्तु र सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय समुदाय, पर्यटक तथा सरोकारवाला सबैको साझा जिम्मेवारी रहेको जनाएको छ । प्राकृतिक सम्पदाको दिगो संरक्षण गर्न सके पर्यटन प्रवर्द्धनसँगै स्थानीय अर्थतन्त्र पनि थप सबल बन्ने विश्वास निकुञ्जको छ ।

## साउनमा दुप्चेश्वरको...

सञ्जाल फेसबुक पेजबाट दैनिक सार्वजनिक गर्दै आइरहेको छ । मन्दिरमा भक्तजनले क्युआरमार्फत पनि भेटी चढा(उन र दान दिन सक्ने व्यवस्था गरिएको कोषका कोषाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । यातायातको सहजतास(ँगै भक्तजन आउने क्रम बढेको छ । सोमबार, बिहीबार र शनिबार भक्तजन बढी आउने गरेका छन् । भेटी सङ्कलन(लाई व्यवस्थित तथा सेवा-सुविधाको व्यवस्थापन गर्दा मन्दिरको आम्दानी बढेको कोषका अध्यक्ष तथा दुप्चेश्वर पालिकाका अध्यक्ष शंकरबहादुर थाप(ाले बताउनुभयो । कोषले मन्दिरपरिसरमा ढुङ्गाको कलात्मक एक सय आठ धारा निर्माण गरिसकेको छ ।

काठमाडौंबाट उत्तर-पश्चिम ६३ किलोमिटर दूरीमा रहेको सो मन्दिर नुवाकोट सदरमुकाम विदुरदेखि ३४ किलोमिटर उत्तर-पूर्वमा छ । बागमती प्रदेश, काठमाडौंमा रहेको पशुपतिनाथपछि प्रसिद्ध मन्दिरमा दर्शन गर्ने भक्तजनको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको छ । हिन्दु र बौद्ध धर्मावलम्बी दुवैको आस्थाको प्रतीक दुप्चेश्वरमा प्रत्येक वर्ष मङ्सिर पूर्णिमामा मेला लाग्ने गरेको छ, मेला पाँच दिनसम्म चल्छ । मन्दिरमा धान्य पूर्णिमाको अघिल्लो दिन चतुर्दशीदेखि पूर्णिमासम्म मेला लाग्छ । भक्तजनले पूजा-आराधना गर्ने तथा भगवान् शिवप्रति आस्था प्रकट गर्दै आफूले चाहेको वर माग्ने चलन छ । यहाँ मागेको पाइने र आँटेको पुग्ने विश्वास गरिन्छ । विशेषतः सो धार्मिक स्थलमा पहिले गाईको दुध र दाम्लो आदि चढाइन्थ्यो ।

## स्मार्ट कनेक्टिभिटी सुविधासहित नयाँ सुजुकी एक्सेस १२५ सार्वजनिक



काठमाडौं । सुजुकी मोटरसाइकल नेपालले आधुनिक स्मार्ट कनेक्टिभिटी सुविधासहितको नयाँ 'सुजुकी एक्सेस १२५ कनेक्टेड' स्कुटर नेपाली बजारमा सार्वजनिक गरेको छ । कम्पनीले काठमाडौंमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो- २०२६ मा उक्त स्कुटर सार्वजनिक गरेको हो ।

नयाँ एक्सेस १२५ मा ब्लुटुथमार्फत स्मार्टफोनसँग जोड्न सकिने डिजिटल एलसिडी डिस्प्ले र 'सुजुकी राइड कनेक्ट' सुविधा उपलब्ध गराइएको छ । यस प्रविधिले चालकलाई स्कुटर चलाइरहेकै अवस्थामा यात्रासँग सम्बन्धित विभिन्न सूचना प्राप्त गर्न सहयोग गर्ने कम्पनीले जनाएको छ । स्कुटरमा टर्न-बाई-टर्न नेभिगेसन, गन्तव्यमा पुग्न लाग्ने अनुमानित समय, फोन कलको सूचना, एसएमएस तथा ह्वाट्सएप नोटिफिकेसन र मिस्डकल अलर्टलगायतका सुविधा छन् । मोबाइलको ब्याट्री र नेटवर्क अवस्थासम्बन्धी जानकारी पनि स्कुटरको डिजिटल डिस्प्लेबाट हेर्न सकिनेछ । यसमा स्पिड अलर्ट, ट्रिप रेकर्ड, स्कुटर पार्क गरिएको अन्तिम स्थान र नियमित सर्भिसको रिमाइन्डरजस्ता सुविधा पनि समावेश गरिएको छ । यी सुविधाले दैनिक सहरी यात्रालाई सुरक्षित, सहज र प्रविधिमैत्री बनाउने कम्पनीको दाबी छ । नयाँ एक्सेस १२५ मा सुजुकीको १२४ सिसी इन्जिन प्रयोग गरिएको छ । कनेक्टिभिटीसँगै दैनिक प्रयोगका लागि आवश्यक व्यावहारिक सुविधा र विश्वसनीय कार्यसम्पादनलाई प्राथमिकता दिइएको कम्पनीले जनाएको छ ।

सुजुकी मोटरसाइकल नेपालका महाप्रबन्धक पारस जैनले नयाँ एक्सेस १२५ कनेक्टेडमार्फत नेपाली स्कुटर प्रयोगकर्तामाझ उपयोगी स्मार्ट प्रविधि भित्र्याइएको बताउनुभयो । स्मार्ट कनेक्टिभिटी, प्रयोगमा सहजता र सुजुकीको विश्वसनीय कार्यसम्पादनको संयोजनले नयाँ मोडललाई कम्पनीको उत्पादन पोर्टफोलियोमा थप आकर्षक बनाउने उनको विश्वास छ । नेपालका लागि सुजुकी मोटरसाइकल तथा स्कुटरको आधिकारिक वितरक भिजी अटोमोबाइल्स प्रालि हो । नयाँ सुजुकी एक्सेस १२५ कनेक्टेड स्कुटर नुवाकोटको विदुर- ४ दम्की, बट्टारमा रहेको सोरुम उत्सुक अटोमोबाइल्सबाट उपलब्ध रहेको छ ।

## २७ चालकको लापसे परीक्षण

**विदुर ।** समुदाय-प्रहरी साझेदारीको अवधारणाअनुरूप सवारी दुर्घटना न्यूनीकरण एवम् जनचेतना अभिवृद्धि तथा लागुपदार्थ सेवन गरी सवारी चलाउने चालकलाई दुरुत्साहन गर्ने उद्देश्यले गत बिहीबार जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटले टोखा-छहरे सडकखण्डअन्तर्गत इलाका प्रहरी कार्यालय ढिकुरेपरिसरमा लागुपदार्थ सेवन (लापसे) परीक्षण सम्पन्न भयो ।

परीक्षणमा टोखा-छहरे सडकखण्डमा सञ्चालन हुने सार्वजनिक यात्रुवाहकका २७ जना सवारीसाधनका चालकको लापसे परीक्षण गरिएको प्रहरी निरीक्षक (प्रनि) विनोद ढकालले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालय नुवाकोट, त्रिशूली अस्पतालसँगको सहकार्यमा डा. राजेन्द्र लामा नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले लापसेसहित चालकको सामान्य स्वास्थ्य परीक्षणअन्तर्गत सुगर, दृष्टि परीक्षण, रक्तचाप, पल्सरेट आदिको समेत चेकजाँच गरिएको थियो । लापसे परीक्षणमा सबै चालकको नकारात्मक परिणाम आएको जानकारी ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक विनोद ढकालले दिनुभयो ।

# साउनमा दुप्चेश्वरको भेटी रु. २८ लाख



**समुन्द्रटार ।** दुप्चेश्वर- ५ स्थित नेपालको पशुपतिनाथको पर्यायको रूपमा परिचित दुप्चेश्वर मन्दिरको साउन महिनाको भेटी रु. २७ लाख ९८ हजार सात सय ४२ सङ्कलन भएको छ। शिवको महिमाको महिना साउनमा अरू महिनाभन्दा भक्तजनको उपस्थिति उल्लेख्य हुने भएकाले अरू महिनाको तुलनामा साउनमा भेटी सङ्कलन बढ्ने गरेको दुप्चेश्वर क्षेत्र विकास कोषका कोषाध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । सोमबार सन्ध्या आरती र शनिबार मध्याह्न गरिने आरतीबाट समेत उल्लेख्य भेटी सङ्कलन हुने गरेको छ।

मन्दिरमा चढाएको भेटी पारदर्शी हुन थालेपछि दुप्चेश्वरको आम्दानी बढेको हो । नुवाकोट जिल्लास्थित दुप्चेश्वर गाउँपालिकाले वि.सं. २०८० वैशाखदेखि चढाइएका भेटी सङ्कलनलाई पारदर्शी बनाउँदै मन्दिरका पुजारी र कर्मचारीलाई तलब सुविधाको व्यवस्था गरेपछि आम्दानी बढेको छ। दुग्धेश्वर मन्दिरलाई व्यवस्थित गर्दै महादेवका नाममा रहेको जग्गा संरक्षण गरी आवश्यक थप भौतिक पूर्वाधार निर्माण गर्न पालिकाले दुप्चेश्वर विकास कोष स्थापना गरेको छ जसमार्फत मन्दिरमा भक्तजनले चढाएका भेटी दैनिक गणना गरी सार्वजनिक गर्ने गरिएको छ। कोषले सङ्कलित भेटी मन्दिरका नाममा रहेको सामाजिक ... बाँकी ५ पेजमा

के तपाईँ घर बनाउँदै हुनुहुन्छ ?
नुवाकोट निर्माण सामग्री सप्लायर्स प्रा.लीमा यु.पी.भि.सी, आल्मुनियमको झ्याल, ढोका, सिसा र डिजिटल तयारी ढोकाहरू पाउनुका साथै अब फल्स सिलिङ, सिमेन्टबोर्ड र जिप्समबोर्डको नयाँ काम पनि सुचारु गरिएको जानकारी गर्दछौं।


विशेष छुटको व्यवस्था गरिएको छ।
सम्पर्क: ९८४१५१२०७३
९८५१४१२०७३
ठेगाना: बिदुर ४, बट्टार बसपार्क रोड, नुवाकोट।
मेन रोडबाट ५० मिटर भित्र।

## तेस्रो आँखा


*काङ्ग्रेसमाँ कोइराला, माओवादीमा दाहाल थर भएकाहरुले अवसर पाएको चाइन्जो हाम्रो नेपालमाँ ज्वाइँ सभापति भएपछि केसी परिवारले इतिहासमै दर्ज हुने गरी अहिले अवसर पाएको चर्चा घर-घरमाँ छ । काङ्ग्रेस सग्लो होस् कि नहोस्, ज्वाइँसाब सभापति भावेला ससुरा केन्द्रीय सदस्य, समानुपातिक सांसद झन्डै-झन्डै प्रतिपक्ष दलका नेता हुनुभा, जन्तरे ससुरा केन्द्रीय सदस्य, अन्तरे ससुरा प्रतिनिधिसभाको टिकट पा, जनताले नपत्या, कान्छा ससुरा पातालका जनसम्पर्क प्रमुख पाएसि च्याइन्जो अवसरविहीन धुर्व दाइलाई छट्पटी नहोस् पनि कसरी ? पञ्चायतकालभरि पार्टी थामेनि प्रजातन्त्र र गणतन्त्रकालमाँ केन्द्रीय सदस्यसमेत हुन नसकेसि केउरिनीतिरै गाईगोठालो भए नि केको खसखस चाइन्जो ! भिनाजु केन्द्रीय सभापति भावेलाँ सालो जिल्लामा तरूण दलको फ्याट्ट ॐश्री अध्यक्ष हुन खोजेसि खत्रीहरु विशेष महाधिवेशन पक्षधर नबन्ने त चाइन्जो कुरै भएन । गुट फेरेर क्षेत्रीका लैलैमा काङ्ग्रेसको विशेष महाधिवेशन पक्षमाँ लागेर सहमहामन्त्री चिट्ठा पारेका बादुर दाइलाई पद जोगाइराख्न लगानी महँगो हुने चाइन्जो ज्योतिषीले पो भन्ने गरेको जिल्लातिरका चियाचौतारीमा गफ पो हुने ग¬या छ भन्या !*













सूचनाको हक : नागरिकको मौलिक अधिकार
- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड